IslamHouse.com

مركز أصول
Osoul Center
www.osoulcenter.com

नेपाली
Nepali
نيبالي

# एकमात्र प्रभु अल्लाहको आश्रय लिनु आवश्यक छ


लेखकः अब्दुल्लाह बिन अब्दुर्रहमान अस्सअ्द

अनुवादकः अहमद भण्डारी
संशोधकः अफरोज आलम मदनी

# البرهان
## في وجوب اللجوء إلى الواحد الديان


تأليف

عبد الله بن عبد الرحمن السعد

ترجمة

أحمد بهنداري

مراجعة

أفروز عالم المدني



नेपाली

Nepali

نيبالي

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा
सुरक्षित छ ।

# अनुवादकको भनाइ

समस्त प्रकारका प्रसंशाहरु सर्वलोकका मालिक “अल्लाह”कै लागि छन्, अल्लाहको तर्फबाट अनगिन्ती दया, कृपा र शान्ति होस् अल्लाहका अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि । जसले अल्लाहको सन्देश हामी सबै माझ पुर्याउनु भयो र त्यसलाई आफैले व्यवहारिकरुपमा लागु गरेर सबैको लागि नमुना बन्नुभयो । त्यसैगरी अल्लाहको कृपा र शान्ति होस् उहाँका परिवार, साथीहरु अनि महाँप्रलयसम्म उहाँको अनुसरण गर्ने उहाँका सम्पूर्ण अनुयायीहरुमाथि ।

यो सानो पुस्तिका “एकमात्र प्रभु अल्लाहको आश्रय लिनु आवश्यक छ”मा  लेखक महोदयले अल्लाह बाहेक अरुले पनि परोक्षबाट सहायता गर्न सक्छन् र परोक्षका जानकार छन्, भन्ने गलत धारणलाई खण्डन गर्दै सबै किसिमका समस्यामा अल्लाहमाथि नै भरोसा गरी, उहाँसँगै सहायता माग्नु अति आवश्यक छ र उहाँले पुकार्ने व्यक्तिको पुकारलाई हरेक समयमा सुन्नु हुन्छ अनि त्यसलाई समयानुकुल प्रदान पनि गर्नु हुन्छ भन्ने कुरा कुर्आन र सही हदीसको उज्यालोमा प्रष्ट

पार्नु भएको छ । यदि अन्य जीवित व्यक्तिसँग मागिन्छ भने कुन स्थितिमा उचित छ भन्नेबारे पनि प्रष्ट्याउनु भएको छ । अल्लाहले उहाँलाई यस मेहनतको उत्तम प्रतिफल देऊन् र सम्पूर्ण पाठकवर्गहरुको लागि यो पुस्तिका लाभदायक होस् ।

वर्तमान कालमा हाम्रो समाजमा यस्तो किताबको अत्यन्तै आवश्यकता महसुस भएकोले अल्लाहको कृपा र सहयोगको आशा राख्दै यस किताबलाई अनुवाद गर्ने आँट गरेको छु । यसमा कति सफल हुन सकेको छु त्यो कुरा त पाठक तथा बुद्धिजीवी वर्गहरुले नै बताउनु हुनेछ। किताबहरुको अनुवाद गर्नु त्यति सजिलो काम होइन, त्यसैले यस अनुवादमा त्रुटीहरु नहोलान् भन्न सकिन्न । जो पनि गल्ती तथा त्रुटीहरु भएका छन्, ती सबै मेरो ज्ञानको कमीले हो । तसर्थ यसमा भएका त्रुटीहरुलाई निशानदेही गरी जानकारी दिनुहुन सम्पूर्ण पाठक एवम् बुद्धिजीवी वर्गहरुसँग अनुरोध छ । साथै अमुल्य समय दिएर यस किताबको पुर्नविचार तथा भाषिक शुद्धिकरण गरिदिनु हुने “अफरोज आलम मदनी” ज्युलाई हृदयदेखि नै धन्यावाद दिन चाहन्छु । अल्लाहले उहाँलाई यस लोक र परलोकमा उत्तम प्रतिफल प्रदान गरुन् ।

अन्त्यमा सर्वलोकको मालिकसँग प्रार्थना गर्दछु कि मेरो यस सानो कार्यलाई स्वीकार गरुन् । अनि मेरा वृद्ध बुवाआमा, भाईहरु, दिदी बहिनीहरु, अनि आफन्तहरुलाई इस्लामको समझ दिई सत्य मार्गतर्फ मार्गदर्शन गरुन् । साथै यस किताबबाट सम्पूर्ण नेपाली भाषीहरुलाई पनि मार्गदर्शन गरुन् । आमीन.....

अहमद भण्डारी “बोधि”
ahmadbhandari@islamhouse.com


एकमात्र प्रभु अल्लाहको आश्रय लिनु आवश्यक छ

अत्यन्तै करुणमयी, परम दयालु अल्लाहको नामबाट सुरु गर्दछु ।

निःसन्देह सबै किसिमका प्रशंसाहरु अल्लाह तआलाकै लागि छन् । हामी उहाँकै सहायता चाहन्छौं र तनमनद्वारा हुने सम्पूर्ण गलत सोंच अनि कामहरुबाट बच्नको लागि उहाँकै शरणमा पर्छौं । उहाँले जसलाई मार्गदर्शन गर्नुहुन्छ, उसलाई कसैले मार्गविचलित गर्न सक्दैन र जसलाई मार्गविचलित गर्नुहुन्छ उसलाई कसैले मार्गदर्शन गर्न सक्दैन।

म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पनि सत्य पूज्य छैन । उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही साझी छैन र म यस कुराको पनि गवाही दिन्छु कि मुहम्मद ﷺ अल्लाहको भक्त अनि सन्देष्टा हुनुहुन्छ । उहाँ र उहाँका परिवार अनि उहाँका सन्तानहरुमाथि अल्लाहको तर्फबाट अपार दया र शान्ति अवतरित होस् । तत्पश्चात....

सम्पूर्ण प्राणीहरुको आवश्यकता पुरा गर्ने, दुःख-कष्ट निवारक अनि हरेक किसिमका कठिनाइमा सहयोगी, रोग-व्याधिबाट मुक्तिदाता र निसन्तानलाई सन्तान दिने आदि

जस्ता कामहरुमा अल्लाह तआला नै पूर्ण सक्षम एवं सामर्थ्यवान हुनुहुन्छ । तर आजकल यसको ठिक उल्टो अल्लाह बाहेक अरुले पनि उपरोक्त कामहरु गर्न सक्छन् भन्ने धारणा र परम्परा मानिसहरुमा प्रचलित भैसकेको छ । निःसन्देह इस्लाम धर्ममा यस्ता कामहरु अवैध छन् । यी अज्ञानता कालका रीतिरिवाज र अनावश्यक कामहरुमध्येका हुन् । यतिमात्र नभइ यस्ता कामहरु अल्लाहको साथमा शिर्क गर्नु हो ।

यस्ता कामहरु अस्वीकार्य र अवैध भएको बारेमा दश किसिमका प्रमाणहरु छन् ।




1

# पहिलो प्रमाण

अल्लाह तआलाले आफू बाहेक अन्य कसैलाई पुकार्नबाट मनाही गर्दै आफ्नो सन्देष्टा मुहम्मद ﷺ सित भन्नु भएको छः

﴿وَلَا تَدۡعُ مِن دُونِ ٱللَّهِ مَا لَا يَنفَعُكَ وَلَا يَضُرُّكَۖ فَإِن فَعَلۡتَ فَإِنَّكَ إِذٗا مِّنَ ٱلظَّٰلِمِينَ﴾

[يونس: ١٠٦]

अर्थः "..अल्लाहलाई छोडेर कहिल्यै त्यस्ता कुनै चिजको उपासना नगर्नु, जसले न तिमीलाई कुनै लाभ पुर्याउन सक्छन् न हानी पुर्याउन सक्छन् । यदि तिमीले यस्तो गर्यौ भने तिमी अत्याचारीहरुमध्येको हुनेछौ । (यूनुसः १०६)

त्यसैगरि अर्को स्थानमा भन्नु भएको छ :

﴿وَمَنۡ أَضَلُّ مِمَّن يَدۡعُواْ مِن دُونِ ٱللَّهِ مَن لَّا يَسۡتَجِيبُ لَهُۥٓ إِلَىٰ يَوۡمِ ٱلۡقِيَٰمَةِ وَهُمۡ عَن دُعَآئِهِمۡ غَٰفِلُونَ ٥ وَإِذَا حُشِرَ ٱلنَّاسُ كَانُواْ لَهُمۡ أَعۡدَآءٗ وَكَانُواْ بِعِبَادَتِهِمۡ كَٰفِرِينَ﴾

[الأحقاف: ٥، ٦]

अर्थः "त्यस व्यक्तिभन्दा बढी अत्याचारी को होला? जसले अल्लाहलाई छाडि यस्तालाई गुहार्दछ, जसले कयामतको दिनसम्म उनीहरुको प्रार्थनालाई स्वीकार गर्न सक्दैनन्, बरु उनीहरुको पुकारबाट एकदमै अनभिज्ञ छन् र जब

मानिसहरुलाई एकत्रित गरिने छ तब यिनीहरु उनीहरुको शत्रु हुनेछन् अनि तिनीहरुको उपासनाबाट स्पष्ट इन्कार गर्नेछन्।" (अल्-अहकाफः ५-६)

अनि अर्को ठाउँमा भन्नुभएको छ :

﴿ وَأَنَّ ٱلۡمَسَٰجِدَ لِلَّهِ فَلَا تَدۡعُواْ مَعَ ٱللَّهِ أَحَدٗا ﴾ [الجن: ١٨]

अर्थः "..मस्जिदहरु अल्लाहकै लागि मात्र हुन्, तसर्थ अल्लाहको साथमा कुनै अरुको पूजा नगर। (अल्-जिन्न : १८)

यस विषयमा अन्य कैयौं आयतहरु छन्।




2

# दोस्रो प्रमाण

अल्लाह तआलाले सबै चिजहरुलाई छोडेर उहाँसँग मात्रै माग्ने र उहाँलाई नै गुहार्ने आदेश दिनुभएको छ। यस कुराको प्रमाण हामीलाई कुर्‌आनका निम्न आयातबाट मिल्छः

﴿ وَقَالَ رَبُّكُمُ ٱدۡعُونِيٓ أَسۡتَجِبۡ لَكُمۡۚ إِنَّ ٱلَّذِينَ يَسۡتَكۡبِرُونَ عَنۡ عِبَادَتِي سَيَدۡخُلُونَ جَهَنَّمَ دَاخِرِينَ ﴾ [غافر: ٦٠]

अर्थः "तिम्रो पालनकर्ताको आदेश छ कि तिमी मसित प्रार्थना गर, म तिम्रो प्रार्थना स्वीकार गर्नेछु। जो मानिसहरु मेरो उपासनाबाट घमण्डले अहंकार गर्छन्, अति नै शीघ्र नर्कमा तिरस्कृत भई प्रवेश गर्नेछन्।" (गाफिर : ६०)

अर्को ठाउँमा भन्नुभएको छ :

﴿ وَإِذَا سَأَلَكَ عِبَادِي عَنِّي فَإِنِّي قَرِيبٌۖ أُجِيبُ دَعۡوَةَ ٱلدَّاعِ إِذَا دَعَانِۖ فَلۡيَسۡتَجِيبُواْ لِي وَلۡيُؤۡمِنُواْ بِي لَعَلَّهُمۡ يَرۡشُدُونَ ﴾ [البقرة: ١٨٦]

अर्थः "जब मेरा भक्तहरुले मेरो बारेमा तिमीसँग प्रश्न गर्छन् त भनिदेऊ म अत्यन्तै निकट छु। मलाई पुकार्ने प्रत्येक व्यक्तिले जहिले पनि पुकार्छ, म स्वीकार गर्छु। तसर्थ तिनीहरुलाई पनि आवश्यक छ कि मेरा आदेशलाई मानुन् र मप्रति आस्था

राखून्, यही उनीहरुको भलाइको कारण (मार्ग) हो ।" (अल्-बकरा: १८६)

त्यसतै अर्को ठाउँमा अल्लाह तआलाले भन्नुभएको छ:

﴿أَمَّن يُجِيبُ ٱلْمُضْطَرَّ إِذَا دَعَاهُ وَيَكْشِفُ ٱلسُّوٓءَ وَيَجْعَلُكُمْ خُلَفَآءَ ٱلْأَرْضِ ۗ أَءِلَٰهٌ مَّعَ ٱللَّهِ ۚ قَلِيلًا مَّا تَذَكَّرُونَ﴾ [النمل:٦٢]

अर्थ: "जब असहाय (विवश) ले पुकार्छ, उसको पुकारलाई कसले स्वीकार गरी सङ्कटलाई हटाइदिन्छ र तिमीलाई धर्तीको उत्तराधिकारी बनाउँछ? के अल्लाह तआलाको साथ अरु पनि कोही पूज्य छ? तिमीले अत्यन्तै कम शिक्षा ग्रहण गर्दछौ ।" (अन्-नमल: ६२)

भनाइको तात्पर्य "के अल्लाहको साथसाथै अरु पनि कोही छ, जो उपरोक्त कार्यगर्न सक्छ?" त यसको उत्तर यो छ कि कसैले सक्दैन, यस कार्यमा उहाँ एक्लो र अद्वितीय हुनुहुन्छ ।

अल्लाह तआलाले भन्नुभएको छ:

﴿قُلْ أَمَرَ رَبِّى بِٱلْقِسْطِ ۖ وَأَقِيمُوا۟ وُجُوهَكُمْ عِندَ كُلِّ مَسْجِدٍ وَٱدْعُوهُ مُخْلِصِينَ لَهُ ٱلدِّينَ ۚ كَمَا بَدَأَكُمْ تَعُودُونَ﴾ [الأعراف:٢٩]

अर्थ: "भनिदेऊ, मेरो पालनकर्ताले मलाई न्यायको आदेश दिनुभएको छ र प्रत्येक नमाज (सज्दा) को समयमा आफ्नो अनुहारलाई सीधा (किब्ला तर्फ) राख्ने गर अनि दीन (धर्म) लाई उहाँकै लागि खास गरेर उहाँलाई पुकार । उहाँले जसरी तिमीलाई सुरुमा सृष्टि गर्नुभएको थियो पुनः त्यसैगरी जीवित हुनेछौ।" (अल्-आराफ: २९)




त्यसैगरी अर्को ठाउँमा भन्नुभएको छ:

﴿هُوَ ٱلْحَىُّ لَآ إِلَٰهَ إِلَّا هُوَ فَٱدْعُوهُ مُخْلِصِينَ لَهُ ٱلدِّينَ ۗ ٱلْحَمْدُ لِلَّهِ رَبِّ ٱلْعَٰلَمِينَ﴾ [غافر:٦٥]

अर्थ: "उहाँ जीवित हुनुहुन्छ, उहाँ बाहेक कोही सत्य पूज्य छैन तसर्थ तिमी विशुद्धरुपले उहाँको उपासना गर्दै उहाँलाई नै पुकार । सबै प्रशंसा अल्लाहकै लागि छन्, जो सम्पूर्ण ब्रम्हाण्डको पालनहार हुनुहुन्छ ।" (गाफिर: ६५)

त्यसैगरी यो पनि भन्नुभएको छ:

﴿ٱدْعُوا۟ رَبَّكُمْ تَضَرُّعًا وَخُفْيَةً ۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلْمُعْتَدِينَ ﴿٥٥﴾ وَلَا تُفْسِدُوا۟ فِى ٱلْأَرْضِ بَعْدَ إِصْلَٰحِهَا وَٱدْعُوهُ خَوْفًا وَطَمَعًا ۚ إِنَّ رَحْمَتَ ٱللَّهِ قَرِيبٌ مِّنَ ٱلْمُحْسِنِينَ﴾ [الأعراف: ٥٥-٥٦]

अर्थ: "आफ्नो पालनकर्तासँग उच्च स्वरले र विनम्रपूर्वक (विस्तारै) प्रार्थना गर । वास्तावमा अल्लाहले सीमा उल्लङ्घन गर्नेहरुलाई मायाँ गर्नुहुन्न । पृथ्वीमा सुधार भैसकेपछि उपद्रव नगर्नु अनि अल्लाहसँग डर र आशा राख्दै प्रार्थना गर्दै गर्नु। निःसन्देह, अल्लाहको अनुकम्पा सत्कर्मीहरुको समीपमा छ ।" (अल्-आराफ: ५५-५६)

अब्दुल्लाह बिन अब्बास रजियअल्लाहु अन्हुमाद्वारा वर्णन गरिएको छ, उनले भनेः म एक दिन (सवारी साधनमा) अल्लाहको रसूल ﷺ को पछाडी (बसेको) थिए। उहाँ ﷺ ले भन्नुभयो:

عَنْ عَبْدِاللَّهِ بْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: "كُنْتُ خَلْفَ رَسُولِ اللَّهِ ﷺ يَوْمًا، فَقَالَ: **"يَا غُلَامُ! إِنِّي أُعَلِّمُكَ كَلِمَاتٍ: احْفَظْ اللَّهَ يَحْفَظْكَ، احْفَظْ اللَّهَ تَجِدْهُ تُجَاهَكَ، إِذَا سَأَلْتَ فَاسْأَلْ اللَّهَ، وَإِذَا اسْتَعَنْتَ فَاسْتَعِنْ بِاللَّهِ، وَاعْلَمْ أَنَّ الْأُمَّةَ لَوْ اجْتَمَعَتْ عَلَى أَنْ يَنْفَعُوكَ بِشَيْءٍ لَمْ يَنْفَعُوكَ إِلَّا بِشَيْءٍ قَدْ كَتَبَهُ اللَّهُ لَكَ، وَإِنْ اجْتَمَعُوا عَلَى أَنْ يَضُرُّوكَ بِشَيْءٍ لَمْ يَضُرُّوكَ إِلَّا بِشَيْءٍ قَدْ كَتَبَهُ اللَّهُ عَلَيْكَ؛ رُفِعَتْ الْأَقْلَامُ، وَجَفَّتْ الصُّحُفُ"**. رَوَاهُ التِّرْمِذِيُّ

अर्थः "ए बच्चा ! म तिमीलाई केही उपदेश दिन्छु, (तिनलाई याद राख)। तिमी अल्लाहको आदेशहरुलाई सुरक्षा गर, अल्लाहले तिम्रो सुरक्षा गर्नु हुनेछ। तिमी अल्लाहको अधिकार (हक) लाई ख्याल गर, तिमीले उहाँलाई सामुन्ने पाउने छौ (अथवा उहाँको दयादृष्टि र मद्दत तिम्रो साथमा रहनेछ)। जब तिमी प्रश्न गर्छौ (माग्छौ) त मात्र अल्लाहसँग माग। जब तिमी सहायता चाहन्छौ त मात्र अल्लाहसँग सहायता माग। अनि यो कुरा पनि जानिराख कि यदि सम्पूर्ण समुदायहरु एकत्रित भएर तिमीलाई फाइदा पुर्याउन चाहन्छन् तब पनि तिनीहरुले




तिमीलाई अल्लाहले तिम्रो भाग्यमा लेखि दिएकोभन्दा धेरै फाइदा पुर्याउन सक्दैनन् र यदि ती सबैले तिमीलाई हानी पुर्याउन एकठ्ठा भएपनि, अल्लाहले तिम्रो भाग्यमा लेखि दिएकोभन्दा धेरै हानी पुर्याउन सक्दैनन्। कलम उठाइ सकिएको छ र मसी सुकिसकेको छ।" (यसलाई त्रिमिजीले बयान गरेका छन् र हसन सही भनेका छन्।)

3

# तेस्रो प्रमाण

कुनै व्यक्तिले अल्लाह तआलालाई छोडेर अन्य कसैलाई गुहार्छ या अन्यसँग माग्छ भने त्यो कुफ्र र शिर्कमा होमिन्छ। यो कुरा हामीलाई अल्लाह तआलाले कुर्आनका निम्न आयतहरुबाट जानकारी दिनुभएको छ:

﴿ وَمَن يَدۡعُ مَعَ ٱللَّهِ إِلَٰهًا ءَاخَرَ لَا بُرۡهَٰنَ لَهُۥ بِهِۦ فَإِنَّمَا حِسَابُهُۥ عِندَ رَبِّهِۦٓۚ إِنَّهُۥ لَا يُفۡلِحُ ٱلۡكَٰفِرُونَ ﴾ [المؤمنون: ١١٧]

जसले पनि अल्लाहको साथमा कुनै अर्को पूज्यलाई पुकार्दछ, जसको बारेमा उसको साथमा कुनै प्रमाण छैन, त उसको हिसाब उसको पालनकर्तासित छ। निश्चय नै अवज्ञाकारीहरू कहिल्यै सफल हुने छैनन्। (अल् मुमिनूनः ११७)

यस आयतबाट थाहा भयो कि जस कसैले पनि अल्लाह बाहेक अन्यलाई पुकार्ने छ अथवा गुहार्ने छ, त्यो काफिर (अवज्ञाकारी) मध्येको हुनेछ।

अर्को आयतमा अल्लाह तआलाले भन्नु भएको छः

﴿ وَمَنۡ أَضَلُّ مِمَّن يَدۡعُواْ مِن دُونِ ٱللَّهِ مَن لَّا يَسۡتَجِيبُ لَهُۥٓ إِلَىٰ يَوۡمِ ٱلۡقِيَٰمَةِ وَهُمۡ

عَن دُعَآئِهِمْ غَٰفِلُونَ ﴿٥﴾ وَإِذَا حُشِرَ ٱلنَّاسُ كَانُوا۟ لَهُمْ أَعْدَآءً وَكَانُوا۟ بِعِبَادَتِهِمْ كَٰفِرِينَ ﴾

[الأحقاف: ٥-٦]

अर्थः “त्यस व्यक्तिभन्दा बढी पथभ्रष्ट को होला? जसले अल्लाहलाई छाडि यस्तालाई गुहार्छ जसले कयामतको दिनसम्म उसको प्रार्थनालाई स्वीकार गर्न सक्दैनन्, बरु उसको पुकारबाट एकदमै अनभिज्ञ छन् । र जब मानिसहरुलाई एकत्रित गरिने छ तब यिनीहरु उनीहरुको शत्रु हुनेछन् । अनि तिनीहरुको उपासनाबाट स्पष्ट इन्कार गर्नेछन् ।” (अल्-अहकाफः ५-६)

उपरोक्त आयातमा अल्लाह तआलाले यस कुराको पुष्टि गरिदिनु भएको छ कि अल्लाह बाहेक अन्यलाई गुहार्ने/ पुकार्ने व्यक्ति भन्दा अधिक पथभ्रष्ट अरू कोही पनि हुन सक्दैन ।

अनि अर्को ठाउँमा अल्लाह तआलाले मुहम्मद ﷺ लाई घोषणा गरिदिनको लागि भन्नु भएको छः

﴿قُلْ إِنَّمَآ أَدْعُوا۟ رَبِّى وَلَآ أُشْرِكُ بِهِۦٓ أَحَدًا﴾ [الجن:٢٠]

अर्थः “भनिदेऊ, म त आफ्नो पालनकर्तालाई मात्र पुकार्छु अनि उहाँको साथमा कसैलाई साझी गराउँदैन ।” (अल्-जिन्नः२०)

भनाइको तात्पर्य मैले अल्लाहको साथमा अन्य कुनै प्राणीलाई पुकारेर या गुहारेर अल्लाहको साथमा कसैलाई साझी गराउँदैन ।




4

# चौथो प्रमाण

अल्लाहले प्रष्ट गरिदिनु भएको छ कि, सृष्टिका प्राणीहरुमध्ये उहाँको निकट जतिसुकै उच्च दर्जाको र सम्माननीय प्राणी भएपनि उसले त्यही काम मात्र गर्न सक्छ जुन काममा अल्लाहले उसलाई सक्षम बनाउनु भएको छ अनि ऊ अल्लाहमै आश्रित हुन्छ । त्यस्तै मानव जातीमा पनि त्यही नियम लागु हुन्छ । जति उच्च दर्जाका मानिस भएपनि अन्य मानव झैं खानपान, रोग-व्याधि, मृत्यु आदि जस्ता प्राकृतिक नियम लागु हुन्छ । यसको प्रमाण हामीलाई कुर्आनका निम्न आयतहरुबाट मिल्छः

﴿يَٰٓأَيُّهَا ٱلنَّاسُ أَنتُمُ ٱلْفُقَرَآءُ إِلَى ٱللَّهِ ۖ وَٱللَّهُ هُوَ ٱلْغَنِىُّ ٱلْحَمِيدُ﴾ [فاطر: ١٥]

अर्थः “ए मानव ! तिमीहरु अल्लाहमाथि आश्रित (भिकारी) छौ र अल्लाह निस्पृह अनि सर्वगुण सम्पन्न हुनुहुन्छ ।” (फातिरः १५)

त्यस्तै अल्लाहले मूसा अलैहिस्सलामको भनाइलाई कुर्आनमा यसरी उदघृत गर्नुभएको छः

﴿فَقَالَ رَبِّ إِنِّى لِمَآ أَنزَلْتَ إِلَىَّ مِنْ خَيْرٍ فَقِيرٌ﴾ [القصص: ٢٤]

अर्थः “(मूसाले भने) हे पालनकर्ता ! तपाईंले मेरो निम्ति

जे जति कृपा प्रदान गर्नुहुन्छ, मलाई त्यसको आवश्यकता छ । (अल्-कसस: २४)

त्यसैगरी इब्राहीम अलैहिस्सलामको भनाइलाई पनि अल्लाहले कुर्‌आनमा नकल गर्दै भन्नु भएको छ:

﴿وَإِذَا مَرِضۡتُ فَهُوَ يَشۡفِينِ﴾ [الشعراء: ٨٠]

अर्थ: “जब म बिरामी हुन्छु त उहाँ (अल्लाह) ले नै मलाई निको पार्नुहुन्छ ।” (अश्शुअरा: ८०)

अल्लाह तआलाले ईसा र मरियम (अलैहिमस्सलाम) को बारेमा पनि भन्नुभएको छ, उनीहरु दुबैले खाना खान्थे ।

﴿مَّا ٱلۡمَسِيحُ ٱبۡنُ مَرۡيَمَ إِلَّا رَسُولٞ قَدۡ خَلَتۡ مِن قَبۡلِهِ ٱلرُّسُلُ وَأُمُّهُۥ صِدِّيقَةٞۖ كَانَا يَأۡكُلَانِ ٱلطَّعَامَۗ ٱنظُرۡ كَيۡفَ نُبَيِّنُ لَهُمُ ٱلۡأٓيَٰتِ ثُمَّ ٱنظُرۡ أَنَّىٰ يُؤۡفَكُونَ﴾ [المائدة: ٧٥]

अर्थ: “मरियम पुत्र (ईसा) मसीह त अल्लाहका सन्देष्टा मात्र हुन्, अरु केही होइनन्। उनीभन्दा पहिले पनि धेरै सन्देष्टाहरु आइसकेका छन् र उनकी आमा सत्यवादी (पवित्र) थिइन, दुबैले खाना खान्थे । हेर, हामीले कसरी उनको सामु प्रमाण प्रस्तुत गर्छौं । फेरी विचार गर त यिनीहरु कसरी त्यसलाई इन्कार गर्छन् । (अल्-माइदा:७५)

उनीहरुकै सम्बन्धमा सूरह अल्-माइदामै अल्लाह तआलाले भन्नु भएको छ:




﴿قُلۡ فَمَن يَمۡلِكُ مِنَ ٱللَّهِ شَيۡـًٔا إِنۡ أَرَادَ أَن يُهۡلِكَ ٱلۡمَسِيحَ ٱبۡنَ مَرۡيَمَ وَأُمَّهُۥ وَمَن فِي ٱلۡأَرۡضِ جَمِيعٗا﴾ [المائدة: ١٧]

अर्थ: “तिमी भनिदेऊ, यदि अल्लाहले मरियम पुत्र ईसा, उनकी आमा र पृथ्वीका सम्पूर्ण मानिसहरुलाई नष्ट गर्न चाहनुहुन्छ भने, उहाँको अगाडी कसको के लाग्छ? (अल्-माइदा: १७)

खाना खाने र हिंडडुल गर्ने सम्बन्धमा अरु सन्देष्टाहरुको बारेमा पनि अल्लाहले भन्नु भएको छ:

﴿وَمَآ أَرۡسَلۡنَا قَبۡلَكَ مِنَ ٱلۡمُرۡسَلِينَ إِلَّآ إِنَّهُمۡ لَيَأۡكُلُونَ ٱلطَّعَامَ وَيَمۡشُونَ فِي ٱلۡأَسۡوَاقِۗ﴾ [الفرقان: ٢٠]

अर्थ: “हामीले तिमीभन्दा पहिले जति सन्देष्टाहरु पठाएका छौं, ती सबैले खाना खान्थे र बजारमा हिंडडुल गर्दथे ।” (अल्-फुर्कान: २०)

अन्तिम सन्देष्टा मुहम्मद ﷺ को बारेमा अल्लाहले भन्नु भएको छ:

﴿إِنَّكَ مَيِّتٞ وَإِنَّهُم مَّيِّتُونَ﴾ [الزمر: ٣٠]

अर्थ: “(ए सन्देष्टा !) निश्चय नै तिमी पनि मर्नेछौ र यिनीहरु पनि मर्नेछन् ।” (अज्जुमर: ३०)

अल्लाहको चाहना बिना कुनै पनि काम हुन सक्दैन भन्ने कुरा कुर्‌आनले यसरी प्रमाणित गरेको छ :

﴿وَلَا تَقُولَنَّ لِشَاْىۡءٍ إِنِّي فَاعِلٞ ذَٰلِكَ غَدًا ٢٣ إِلَّآ أَن يَشَآءَ ٱللَّهُۚ وَٱذۡكُر رَّبَّكَ إِذَا نَسِيتَ وَقُلۡ عَسَىٰٓ أَن يَهۡدِيَنِ رَبِّي لِأَقۡرَبَ مِنۡ هَٰذَا رَشَدٗا﴾ [الكهف: ٢٣]

अर्थः "कुनै कामको बारेमा कदापि नभन्नु कि म यसलाई भोलि गर्नेछु । (त्यसो भन्छौ भने साथसाथै) यदि अल्लाहले चाहनु भयो भने (इन् शा अल्लाह) भनेर मात्र भन । अनि जब अल्लाहको नाम लिन बिर्सन्छौ त याद आएपछि नाम लिइहाल र भन्दै गर, आशा छ मेरो पालनकर्ताले मलाई यसभन्दा पनि बढी मार्गदर्शन गर्नुहुनेछ ।" (अल्-कहफ: २३-२४)

सूरह कहफमै अल्लाहले अर्को ठाउँमा भन्नुभएको छः

﴿قُلۡ إِنَّمَآ أَنَا۠ بَشَرٞ مِّثۡلُكُمۡ يُوحَىٰٓ إِلَيَّ أَنَّمَآ إِلَٰهُكُمۡ إِلَٰهٞ وَٰحِدٞۖ فَمَن كَانَ يَرۡجُواْ لِقَآءَ رَبِّهِۦ فَلۡيَعۡمَلۡ عَمَلٗا صَٰلِحٗا وَلَا يُشۡرِكۡ بِعِبَادَةِ رَبِّهِۦٓ أَحَدَۢا﴾ [الكهف: ١١٠]

अर्थः "तिमी भनिदेऊ, म तिमीहरु जस्तै एउटा मानिस हुँ, तर (फरक यो छ कि) मतिर "वह्यी"(ईशवाणी) उतारिन्छ कि सबैको पूजा योग्य एउटै पूज्य मात्र हुनुहुन्छ । त जसले पनि आफ्नो पूज्यसँग साक्षत्कारको आशा राख्दछ, त्यसले असल कर्म गरोस् र आफ्नो पालनकर्ताको उपासनामा अरु कसैलाई साझी नबनाओस् । (अल्-कहफ: ११०)

केही सन्देष्टाहरुलाई उनका समुदायका मानिसहरुले एकेश्वरवादको निमन्त्र दिने क्रममा हत्या पनि गरेका थिए । यसको प्रमाण अल्लाह तआलाले यसरी दिनु भएको छः




﴿أَفَكُلَّمَا جَآءَكُمۡ رَسُولُۢ بِمَا لَا تَهۡوَىٰٓ أَنفُسُكُمُ ٱسۡتَكۡبَرۡتُمۡ فَفَرِيقٗا كَذَّبۡتُمۡ وَفَرِيقٗا تَقۡتُلُونَ﴾ [البقرة: ٨٧]

अर्थः "...तर जब कुनै सन्देष्टाले तिमीहरुतिर त्यसता कुराहरु लिएर आए, जो तिमीहरुलाई मन पर्दैनथ्यो तब तिमीहरु अहंकार गर्यौ अनि केहीलाई झुटा भन्यौ र केहीको हत्या पनि गर्यौ ।" (अल्-बकरहः ८७)

उपरोक्त प्रमाणहरुबाट हामीहरु यस निष्कर्षमा पुग्छौं कि, दुआ, गुहार, पुकार र पूजा-उपासनाका हरेक प्रकारका कामहरु एक्लो अल्लाह तआलाको लागि मात्र गरिनुपर्छ । किनकि, उहाँ एक्लो रब (पालनकर्ता) हुनुहुन्छ र प्रत्येक काम गर्नसक्ने सामर्थ्यवान एवं सक्षम हुनुको साथसाथै सबै चिजलाई आफ्नो अधिनमा राख्नुभएको छ । सृष्टिका प्राणीहरुमध्ये कोही पनि उपरोक्त काममा सक्षम छैनन् । यसको प्रमाण अल्लाहले कुर्आनमा यसरी दिनुभएको छः

﴿إِنَّ ٱلَّذِينَ تَدۡعُونَ مِن دُونِ ٱللَّهِ عِبَادٌ أَمۡثَالُكُمۡۖ فَٱدۡعُوهُمۡ فَلۡيَسۡتَجِيبُواْ لَكُمۡ إِن كُنتُمۡ صَٰدِقِينَ﴾ [الأعراف: ١٩٤]

अर्थः "वास्तवमा तिमीले अल्लाहलाई छाडेर जसलाई पुकार्दछौ, तिनीहरु तिमीहरु जस्तै भक्त (उपासक) हुन् । तिमी सत्य छौ भने तिमीले तिनीहरुलाई पुकार ताकि तिनीहरुले तिम्रो कामना पुरा गरुन् ।" (अल्-आराफः १९४)

त्यसतै अर्को आयतमा अल्लाहले उदाहरण दिंदै भन्नु भएको छः

﴿يَٰٓأَيُّهَا ٱلنَّاسُ ضُرِبَ مَثَلٞ فَٱسۡتَمِعُواْ لَهُۥٓۚ إِنَّ ٱلَّذِينَ تَدۡعُونَ مِن دُونِ ٱللَّهِ لَن يَخۡلُقُواْ ذُبَابٗا وَلَوِ ٱجۡتَمَعُواْ لَهُۥۖ وَإِن يَسۡلُبۡهُمُ ٱلذُّبَابُ شَيۡـٔٗا لَّا يَسۡتَنقِذُوهُ مِنۡهُۚ ضَعُفَ ٱلطَّالِبُ وَٱلۡمَطۡلُوبُ﴾ [الحج: ٧٣]

अर्थः "ए मानवहरु ! एउटा उदाहरण वर्णन गरिंदैछ, त्यसलाई ध्यानपूर्वक सुन । अल्लाह बाहेक जसलाई तिमीले पुकार्दछौ तिनीहरुले एउटा झिंगा पनि सृष्टि गर्न (बनाउन) सक्दैनन् । चाहे त्यसको निम्ति सबै एकत्रित किन नहोउन् र यदि झिंगाले उनीहरुसित कुनै चिज खोसेर लैजान्छ भने त्यसबाट तिनीहरु खोसिएको चिजलाई छोडाउन पनि सक्दैनन्। याचक त कमजोर छ नै, जससँग याचना गरिन्छ ऊ झनै कमजोर (असहाय) छ । (अल्-हज्जः ७३)

अल्लाहले असल भक्तहरुको चर्चा गर्दै उनीहरुले माग्ने सही दुआलाई यसरी बयान गर्नुभएको छः

﴿وَٱلَّذِينَ يَقُولُونَ رَبَّنَا ٱصۡرِفۡ عَنَّا عَذَابَ جَهَنَّمَۖ إِنَّ عَذَابَهَا كَانَ غَرَامًا﴾

[الفرقان: ٦٥]

अर्थः "र जसले यो दुआ गर्छन् कि ए हाम्रो पालनकर्ता! नर्कको यातनालाई हामीदेखि टाढा गरिदिनुस् । पक्कै पनि नर्कको यातना अत्यन्तै कष्टदायक छ।" (अल्-फुर्कानः ६५)




5

# पाँचौं प्रमाण

अल्लाह तआलाले हामीलाई जानकारी दिनुभएको छ कि उहाँका सम्पूर्ण सन्देष्टाहरु, फरिस्ताहरु र सदाचारी भक्तहरु सबै किसिमका कामहरु र आवश्यकताको पूर्तिकोलागि अल्लाह तआला बाहेक अन्य कसैलाई गुहार्दैनन् । त्यसैले हामीले पनि उनीहरुको अनुसरण गर्नु पर्दछ ।

सन्देष्टाहरूले विभिन्न किसिमका समस्याहरुमा अल्लाहलाई नै गुहारेको प्रमाणहरु कुर्आनले स्वयं गवाही दिन्छ । सन्देष्टा यूनुस अलैहिस्सलाम माछाको पेटमा हुँदाको घटनाबारे बताउँदै अल्लाह तआलाले भन्नु भएको छः

﴿وَذَا ٱلنُّونِ إِذ ذَّهَبَ مُغَٰضِبٗا فَظَنَّ أَن لَّن نَّقۡدِرَ عَلَيۡهِ فَنَادَىٰ فِي ٱلظُّلُمَٰتِ أَن لَّآ إِلَٰهَ إِلَّآ أَنتَ سُبۡحَٰنَكَ إِنِّي كُنتُ مِنَ ٱلظَّٰلِمِينَ﴾ [الأنبياء: ٨٧-٨٨]

अर्थः "अनि माछावाला (यूनुस अलैहिस्सलाम) लाई सम्झ, जब उनी क्रोधित भएर हिंडे, अनि ठानेका थिए कि हामीले उनलाई समात्दैनौं । अन्ततः उनले अँध्यारोबाट पुकारिहाले, (ए अल्लाह !) तपाईं बाहेक अरु कोही सत्य पूज्य छैन । तपाईं पवित्र हुनुहुन्छ, निःसन्देह म अपराधी छु ।" (अल्-अम्बियाः ८७)

त्यसैगरी अल्लाहले जकरीया अलैहिस्सलामको बारेमा भन्नु भएको छ:

﴿وَزَكَرِيَّآ إِذۡ نَادَىٰ رَبَّهُۥ رَبِّ لَا تَذَرۡنِي فَرۡدٗا وَأَنتَ خَيۡرُ ٱلۡوَٰرِثِينَ ٨٩
فَٱسۡتَجَبۡنَا لَهُۥ وَوَهَبۡنَا لَهُۥ يَحۡيَىٰ وَأَصۡلَحۡنَا لَهُۥ زَوۡجَهُۥٓۚ إِنَّهُمۡ
كَانُواْ يُسَٰرِعُونَ فِي ٱلۡخَيۡرَٰتِ وَيَدۡعُونَنَا رَغَبٗا وَرَهَبٗاۖ وَكَانُواْ لَنَا
خَٰشِعِينَ﴾ [الأنبياء: ٨٩-٩٠]

अर्थः "अनि "जकरीया"(अलैहिस्सलाम) लाई याद गर, जब उनले आफ्नो पालनकर्तासित प्रार्थना गरे, ए मेरो पालनकर्ता ! मलाई एक्लै नछाड्नुस्। तपाईं सबैभन्दा राम्रो वारिस (रक्षक) हुनुहुन्छ। हामीले उनको प्रार्थना स्वीकार गरेर उनलाई "यह्या"(अलैहिस्सलाम) प्रदान गर्यौं, उनकी पत्नीलाई उनको लागि सुधारिदियौं । यी पुनीत मानिसहरु सत्कर्मतिर हतार गर्दथे र हामीलाई आशा अनि डरको साथ पुकार्दथे र हाम्रा समक्ष क्षमायाचना गर्दथे । (अल्-अम्बिया: ८९-९०)

त्यसैगरी अय्यूब अलैहिस्सलामको सम्बन्धमा अल्लाहले भन्नु भएको छ । जब उनले आफ्नो पालनकर्तासित प्रार्थना गर्दै भने:

﴿وَأَيُّوبَ إِذۡ نَادَىٰ رَبَّهُۥٓ أَنِّي مَسَّنِيَ ٱلضُّرُّ وَأَنتَ أَرۡحَمُ ٱلرَّٰحِمِينَ ٨٣
فَٱسۡتَجَبۡنَا لَهُۥ فَكَشَفۡنَا مَا بِهِۦ مِن ضُرّٖۖ وَءَاتَيۡنَٰهُ أَهۡلَهُۥ وَمِثۡلَهُم مَّعَهُمۡ رَحۡمَةٗ
مِّنۡ عِندِنَا وَذِكۡرَىٰ لِلۡعَٰبِدِينَ﴾ [الأنبياء: ٨٣-٨٤]

अर्थः "अय्यूब (अलैहिस्सलाम) को अवस्थालाई पनि स्मरण गर जब उनले आफ्नो पालनकर्तासित प्रार्थना गरे कि मलाई यो रोग लागेको छ र तपाईं सबैभन्दा धेरै दयावान हुनुहुन्छ। अतः हामीले उनको प्रार्थना स्वीकार गर्यौं अनि उनलाई जो कष्ट थियो त्यो पनि समाप्त गरिदियौं र उनलाई परिवार प्रदान गर्यौं साथै त्यस्तै अरु पनि विशेष कृपा प्रदान गर्यौं । ताकि सच्चा भक्तहरुको लागि शिक्षाप्रद होस् । (अल्-अम्बिया: ८३-८४)




अर्को ठाउँमा फरिस्ताहरुको पुकारलाई अल्लाह तआलाले यसरी वर्णन गर्नु भएको छ:

﴿ٱلَّذِينَ يَحۡمِلُونَ ٱلۡعَرۡشَ وَمَنۡ حَوۡلَهُۥ يُسَبِّحُونَ بِحَمۡدِ رَبِّهِمۡ وَيُؤۡمِنُونَ بِهِۦ وَيَسۡتَغۡفِرُونَ
لِلَّذِينَ ءَامَنُواْ رَبَّنَا وَسِعۡتَ كُلَّ شَيۡءٖ رَّحۡمَةٗ وَعِلۡمٗا فَٱغۡفِرۡ لِلَّذِينَ
تَابُواْ وَٱتَّبَعُواْ سَبِيلَكَ وَقِهِمۡ عَذَابَ ٱلۡجَحِيمِ ٧ رَبَّنَا وَأَدۡخِلۡهُمۡ جَنَّٰتِ عَدۡنٍ ٱلَّتِي
وَعَدتَّهُمۡ وَمَن صَلَحَ مِنۡ ءَابَآئِهِمۡ وَأَزۡوَٰجِهِمۡ وَذُرِّيَّٰتِهِمۡۚ إِنَّكَ أَنتَ ٱلۡعَزِيزُ
ٱلۡحَكِيمُ﴾ [غافر: ٧-٨]

अर्थः ........."(अल्लाहको सिंहासन) अर्शलाई उठाएका र त्यसको आसपासका फरिश्ताहरू आफ्नो पालनकर्ताको महिमागान प्रशंसाका साथसाथै गर्दछन्, त्यसमाथि आस्था राख्छन् अनि आस्थावान (ईमानवाला) हरुको लागि क्षमायाचना गर्दछन्। (भन्दछन्) ए हाम्रो पालनकर्ता ! तपाईंले प्रत्येक चिजलाई आफ्नो दया र ज्ञानले घेर्नुभएको छ । तपाईं उनीहरुलाई क्षमा गरिदिनुस् जसले क्षमा माग्दछन् अनि तपाईंको मार्गको अनुसरण गर्दछन् र तपाईंले उनीहरुलाई नर्कको यातनाबाट पनि सुरक्षित

राख्नुस् । ए हाम्रो प्रभु! तपाईंले उनीहरुलाई सदैव रहने स्वर्गमा लैजानुस्, जसको वादा तपाईंले उनीहरुसित गर्नुभएको छ र उनका पूर्वज, पत्नीहरु र सन्तानहरुमध्येबाट पनि ती सबैलाई जो सदाचारी छन् । निःसन्देह तपाईं प्रभावशाली एवं तत्वज्ञानी हुनुहुन्छ । (गाफिर: ७-८)

इब्ने अब्बास रजियअल्लाहु अन्हुमाले बयान गर्नुभएको छ: बदरको दिन अल्लाहको सन्देष्टा ﷺ ले भन्नु भयो :

قال النبي ﷺ يوم بدر: «**اللهم إني أنشدك عهدك ووعدك، اللهم إن شئت لم تعبد**»، فأخذ أبو بكر بيده فقال: حسبك فخرج وهو يقول: «**سيهزم الجمع ويولون الدبر**».

अर्थ: “ए अल्लाह! म तपाईंको करार र वादाको वास्ता (कसम) खान्छु, यदि तपाईंले चाहनुहुन्छ (कि यी अवज्ञाकारीहरु विजयी होउन् त मुसलमानहरु समाप्त भएपछि) तपाईंको उपासना हुनेछैन ।”

यो भनाइ सुनेर अबू बक्र रजियअल्लाहु अन्हुले उहाँ ﷺ को हाथ थामेर भन्नुभयो: बस गर्नुस् (रुक्नुस्) ए अल्लाहको सन्देष्टा ! त्यसपछि उहाँ आफ्नो खेमा (तम्बु) बाट बाहिर आउनु भयो अनि उहाँले कुरआनको यो आयत पढ्दै हुनुहुन्थ्यो:

﴿ سَيُهۡزَمُ ٱلۡجَمۡعُ وَيُوَلُّونَ ٱلدُّبُرَ ﴾ [القمر:٤٥]

अर्थ: “छिट्टै नै काफिर (नास्तिक) समूहको हार हुनेछ र




उनीहरू पिठ्यूँ फर्काएर भाग्नेछन् । [(अल्कमर:४५) सहीह बुखारी: ४८५९]

हाफिज इब्ने हजर अस्कलानीले फत्हुल् बारीमा बयान गरेका छन् र तबरानीमा हसन सनदको साथ छ। अब्दुल्लाह इब्ने मसऊद रजियअल्लाहु अन्हुले भन्नु भएको छः हामीले कुनै यस्तो इलतिजा (अत्याधिक विनम्रताको साथमा दुआ) गर्ने व्यक्ति पाएनौं जो आफ्नो हराएको चिजको माग गरिरहेको होस् र त्यो मुहम्मद ﷺ को इलतिजा (दुआ) भन्दा धेरै सख्त होस् । जो उहाँले बदरको दिन आफ्नो पालनकर्तासँग यी शब्दहरुमा दुआ गरिरहनु भएको थियो:

«**اللَّهُمَّ إِنِّي أَنْشُدُكَ مَا وَعدّتني**».

अर्थ: “ए अल्लाह ! तपाईंले मसँग गरेका वादाको वास्ता दिएर तपाईंसँग इलतिजा (माग) गर्दछु ।” (फत्हुल बारी: ७/२२५)

त्यसैगरी अब्दुल्लाह इब्ने मसऊद रजियअल्लाहु अन्हुले भन्नुभएको छ: जब बदरको दिन हाम्रो मुठभेड भयो, त अल्लाहको रसूल ﷺ नमाजको लागि उभिनु भयो । तब मैले देखे कि उहाँ कुनै हकदारले आफ्नो हकको लागि गर्ने इलतिजा (माग) भन्दा कैयौं ज्यादा आफ्नो पालनकर्तासँग माग र दुआ गरिरहनु भएको थियो :

«**اللَّهُمَّ إِنِّي أَنْشُدُكَ وَعْدَكَ وَعَهْدَكَ، اللَّهُمَّ إِنِّي أَسْأَلُكَ مَا وَعَدْتَنِي، اللَّهُمَّ**

إنْ تُهْلِكْ هَذِهِ الْعِصَابَةَ لا تُعْبَدْ فِي الأَرْضِ»، ثُمَّ الْتَفَتَ إِلَيْنَا كَأَنَّ شُقَّةَ وَجْهِهِ الْقَمَرُ، فَقَالَ: «هَذِهِ مَصَارِعُ الْقَوْمِ الْعَشِيَّةَ».

अर्थ: "ए अल्लाह ! म तपाईंको एकता र वादाको वास्ता दिन्छु । ए अल्लाह ! त्यो चिज माग्छु, जसको वादा तपाईंले मसँग गर्नुभएको छ । ए अल्लाह ! यदि तपाईंले यो सानो समूहलाई बर्बाद गर्नुभयो भने धरतीमा तपाईंको उपासना हुनेछैन।"त्यसपछि उहाँ ﷺ हामीतिर फर्कनुभयो त उहाँको अनुहार उज्यालो (चन्द्रमाको टुक्रा) जस्तो देखिन्थ्यो । अनि फेरी उहाँ ﷺ ले भन्नुभयो: "आज यो ठाउँ (कुरैश) समुदायको पराजयको ठाउँ हुनेछ ।" (सुनन नसाई १०३६७)

यसै सम्बन्धमा अब्दुल्लाह बिन मसऊद रजियअल्लाहु अन्हुद्वारा वर्णित छ, उनले भनेका छन्:

«اللَّهُمَّ إِنِّي أَنْشُدُكَ مَا وَعَدْتَنِي، اللَّهُمَّ إِنَّكَ إِنْ تُهْلِكَ هَذِهِ الْعِصَابَةَ لا تُعْبَدُ»، ثُمَّ الْتَفَتَ كَأَنَّ وَجْهَهُ الْقَمَرُ، فَقَالَ: «كَأَنَّمَا أَنْظُرُ إِلَى مَصَارِعِ الْقَوْمِ عَشِيَّةً».

अर्थ: "ए अल्लाह ! म तपाईंको वादाको वास्ता दिन्छु । ए अल्लाह ! यदि तपाईंले यो सानो समूहलाई बर्बाद गर्नुभयो भने धरतीमा तपाईंको उपासना गरिनेछैन ।"त्यसपछि उहाँ फर्किनुभयो त उहाँको अनुहार चन्द्रमा झैं लाग्थ्यो । अनि फेरी उहाँ ﷺ ले भन्नुभयो: आज मैले (कुरैश) समुदाय परास्त हुने ठाउँ देखिरहेको छु ।" (तबरानी १०२७०)




6

# छैठौं प्रमाण

सम्पूर्ण ब्रम्हाण्ड र त्यसमा पाइने सबै चिजहरु अल्लाहकै हुन् । सबै चिज उहाँकै हातमा छन् र उहाँकै चाहनानुसार परिचालन हुन्छन् । त्यसैले अल्लाहलाई नै गुहार्नु पर्दछ, किनकि पुरै ब्रम्हाण्ड र त्यस भित्रका प्राणीहरु उहाँकै भएकोले उहाँकै आदेशले चल्छन् अथवा सबैमाथि उहाँकै आदेश लागु हुन्छ । यसको बारेमा कुर्आनले यसरी गवाही दिएको छ:

﴿ٱلرَّحۡمَٰنُ عَلَى ٱلۡعَرۡشِ ٱسۡتَوَىٰ ۝٥ لَهُۥ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِ وَمَا بَيۡنَهُمَا وَمَا تَحۡتَ ٱلثَّرَىٰ﴾ [طه: ٥- ٦]

अर्थ: "रहमान (अल्लाह) अर्श (उच्चासन) माथि विराजमान हुनुहुन्छ । जे जति आकाशहरुमा, धरतीमा र यी दुबैबिच छन् र जे जति धरतीमुनी छन्, सबै उहाँकै हुन् । (ताहाः ५-६)

अर्को ठाउँमा भन्नु भएको छ:

﴿يَعۡلَمُ مَا يَلِجُ فِي ٱلۡأَرۡضِ وَمَا يَخۡرُجُ مِنۡهَا وَمَا يَنزِلُ مِنَ ٱلسَّمَآءِ وَمَا يَعۡرُجُ فِيهَاۖ وَهُوَ مَعَكُمۡ أَيۡنَ مَا كُنتُمۡۚ وَٱللَّهُ بِمَا تَعۡمَلُونَ بَصِيرٞ﴾ [الحديد: ٤]

अर्थ: "उहाँ (अल्लाह) लाई थाहा छ जे जति चिज धरतीमा प्रवेश गर्दछ र जे जति त्यसबाट निस्कन्छ, अनि जे जति

चिजहरु आकाशबाट झर्दछ र त्यसमा चढ्दछ । र तिमी जहाँ भएपनि उहाँ तिम्रो साथमा हुनुहुन्छ, जे जति कामहरू तिमीले गर्दछौ, सबै देख्नुहुन्छ । (अल्-हदीद: ४)

उपरोक्त आयतमा अल्लाह तिम्रो साथमा हुनुहुन्छ को तात्पर्य सशरीर नभइ ज्ञान, दृष्टि र मद्दतद्वारा साथमा हुनु हो। (अनुवादक)

अल्लाह बाहेक अरुलाई गुहार्ने कुराको खण्डन गर्दै अल्लाहले भन्नु भएको छ:

﴿إِن تَدۡعُوهُمۡ لَا يَسۡمَعُواْ دُعَآءَكُمۡ وَلَوۡ سَمِعُواْ مَا ٱسۡتَجَابُواْ لَكُمۡۖ وَيَوۡمَ ٱلۡقِيَٰمَةِ يَكۡفُرُونَ بِشِرۡكِكُمۡۚ وَلَا يُنَبِّئُكَ مِثۡلُ خَبِيرٖ﴾ [فاطر: ١٤]

अर्थ:"यदि तिमीले उनीहरुलाई पुकार्छौ भने उनीहरुले तिम्रो पुकार सुन्दैनन् र (मानिलिउँ) सुनिहालेछन् भने पनि तिम्रो कुरालाई स्वीकार गर्न सक्दैनन् । अनि कयामतको दिन उनीहरुले तिम्रो यस साझेदारीपूर्ण कामकुराबाट इन्कार गर्नेछन् र तिमीलाई अल्लाहले झैं अरु कसैले खबर दिनेछैन ।" (फातिर:१४)

अल्लाह सर्वगुण सम्पन्न भएको कुरा पनि कुर्आनमा बताउनु भएको छ:

﴿ٱللَّهُ ٱلصَّمَدُ﴾ [الإخلاص: ٤]




अर्थः "अल्लाह निरपेक्ष (सर्वगुण सम्पन्न) हुनुहुन्छ ।" (अल्इख्लास: २)

"अस्समद" (निरपेक्ष) कसैबाट कुनै चिजको आशा गर्न नपर्ने हरेक चिजले परिपूर्ण तर ब्रम्हाण्डका सबै सृष्टिहरु उहाँसितै आपेक्षित छन् ।

7

# सातौं प्रमाण

अल्लाह तआलाले आफ्ना सन्देष्टाहरु र रसूलहरुको बारेमा भन्नु भएको छ: कहिलेकाहीं उनीहरुले आफ्ना मामिलाहरुमा अल्लाहसित इलतिजा (अत्याधिक प्रार्थना) र आफ्नो तर्फबाट पूर्ण प्रयत्न गरे तर त्यो प्रार्थना स्वीकार गरिएन अनि उनीहरुको चाहना पुरा भएन । जस्तैः मुहम्मद ﷺ को बारेमा अल्लाह तआलाले भन्नु भएको छ :

﴿إِنَّكَ لَا تَهْدِي مَنْ أَحْبَبْتَ وَلَٰكِنَّ اللَّهَ يَهْدِي مَن يَشَاءُ ۚ وَهُوَ أَعْلَمُ بِالْمُهْتَدِينَ﴾

[القصص: ٥٦]

अर्थः "तिमीले जसलाई चाहन्छौ मार्गदर्शन गर्न सक्दैनौ, बरु अल्लाहले जसलाई चाहनु हुन्छ त्यसलाई मार्गदर्शन गर्नुहुन्छ । मार्गदर्शन पाउने मानिसहरुलाई उहाँले राम्ररी चिन्नुहुन्छ ।" (अल्-कसस: ५६)

त्यसतै अर्को ठाउँमा भन्नु भएको छ:

﴿اسْتَغْفِرْ لَهُمْ أَوْ لَا تَسْتَغْفِرْ لَهُمْ إِن تَسْتَغْفِرْ لَهُمْ سَبْعِينَ مَرَّةً فَلَن يَغْفِرَ اللَّهُ لَهُمْ﴾ [التوبة: ٨٠]

अर्थः "तिमीले उनीहरुको क्षमायाचनाको प्रार्थना गर या

नगर, यदि तिमीले सत्तर पटक उनीहरुको लागि क्षमाको प्रार्थना गर्छौ भने पनि अल्लाहले उनीहरुलाई क्षमा गर्नुहुने छैन ।" (अत्तौबा: ८०)

अनि सन्देष्टाहरुको साथसाथै आस्थावान (मोमिन) हरुलाई पनि उपदेश दिंदै भन्नु भएको छ:

﴿مَا كَانَ لِلنَّبِيِّ وَٱلَّذِينَ ءَامَنُوٓاْ أَن يَسۡتَغۡفِرُواْ لِلۡمُشۡرِكِينَ وَلَوۡ كَانُوٓاْ أُوْلِي قُرۡبَىٰ مِنۢ بَعۡدِ مَا تَبَيَّنَ لَهُمۡ أَنَّهُمۡ أَصۡحَٰبُ ٱلۡجَحِيمِ﴾ [التوبة: ١١٣]

अर्थ: "सन्देष्टाहरु र अन्य आस्थावानहरुलाई उचित छैन कि मुश्रिक (बहुदेववादी) हरुको लागि क्षमायाचना गरुन्, यद्यपि तिनीहरु नजिकका नातेदार नै किन नहोउन्। जबकि तिनीहरु नर्कवासी हुन् भन्ने कुरा स्पष्ट भैसकेको छ ।" (अत्तौबा: ११३)

जब इब्राहीम अलैहिस्सलामले आफ्नो बुवाको क्षमाको लागि प्रार्थना गर्दै हुनु हुन्थ्यो त अल्लाह तआलाले उहाँलाई मनाही गरेको कुरा कुर्आनमा यसरी वर्णन गर्नु भएको छ:

﴿وَمَا كَانَ ٱسۡتِغۡفَارُ إِبۡرَٰهِيمَ لِأَبِيهِ إِلَّا عَن مَّوۡعِدَةٖ وَعَدَهَآ إِيَّاهُ فَلَمَّا تَبَيَّنَ لَهُۥٓ أَنَّهُۥ عَدُوّٞ لِّلَّهِ تَبَرَّأَ مِنۡهُۚ إِنَّ إِبۡرَٰهِيمَ لَأَوَّٰهٌ حَلِيمٞ﴾ [التوبة: ١١٤]

अर्थ: "इब्राहीमले आफ्नो पिताको निम्ति क्षमायाचना गरेको कुरा त एउटा बाचाको कारणले थियो, जुन उनले उनी (पिता) सँग गरेका थिए तर जब उनलाई थाहा भयो, उनी (पिता) अल्लाहका शत्रु हुन् त उनीबाट अलग भए । निःसन्देह





इब्राहीम (अलैहिस्सलाम) धेरै कोमल हृदयका र सहनशील थिए । (अत्तौबा: ११४)

इब्राहीम अलैहिस्सलामको दुआ स्वीकार नगरिएको कुरा सर्वविदित नै छ ।

त्यसतै नूह अलैहिस्सलामको बारेमा पनि कुर्आनमा अल्लाहले भन्नु भएको छ:

﴿وَنَادَىٰ نُوحٞ رَّبَّهُۥ فَقَالَ رَبِّ إِنَّ ٱبۡنِي مِنۡ أَهۡلِي وَإِنَّ وَعۡدَكَ ٱلۡحَقُّ وَأَنتَ أَحۡكَمُ ٱلۡحَٰكِمِينَ ٤٥ قَالَ يَٰنُوحُ إِنَّهُۥ لَيۡسَ مِنۡ أَهۡلِكَۖ إِنَّهُۥ عَمَلٌ غَيۡرُ صَٰلِحٖۖ فَلَا تَسۡـَٔلۡنِ مَا لَيۡسَ لَكَ بِهِۦ عِلۡمٌۖ إِنِّيٓ أَعِظُكَ أَن تَكُونَ مِنَ ٱلۡجَٰهِلِينَ ٤٦ قَالَ رَبِّ إِنِّيٓ أَعُوذُ بِكَ أَنۡ أَسۡـَٔلَكَ مَا لَيۡسَ لِي بِهِۦ عِلۡمٞۖ وَإِلَّا تَغۡفِرۡ لِي وَتَرۡحَمۡنِيٓ أَكُن مِّنَ ٱلۡخَٰسِرِينَ﴾ [هود: ٤٥-٤٧]

अर्थः "नूहले आफ्नो पालनकर्तालाई पुकार्दै भने: ए पालनकर्ता मेरो छोरा त मेरो परिवारमध्येको हो । निःसन्देह तपाईंको वाचा पूर्णरुपमा सत्य छ र तपाईं सबै हाकिमहरुको हाकिम हुनुहुन्छ । अल्लाहले भन्नुभयोः ए नूह ! निःसन्देह त्यो तिम्रो परिवारमध्येबाट होइन, उसको काम पूर्णरुपले गलत छ। तिमीले कदापि त्यसतो चिज माग्नु हुँदैन जसको तिमीलाई अलिकति पनि ज्ञान छैन । म तिमीलाई नसीहत दिन्छु, तिमी मुर्खहरुमध्येको नहोऊ ।" (हूदः ४५-४७)

यति कुराहरु स्पष्ट जानकारी भैसकेर पनि अल्लाह बाहेक अरुलाई कसरी पुकार्न या गुहार्न सकिन्छ?

उहुदको लडाइलाई हेरौं, अल्लाहको रसूल ﷺ को नेतृत्वमा उहाँका साथीहरु बहुदेववादीहरुमाथि विजय प्राप्त गर्न चाहन्थे । यसको लागि यथासम्भव श्रोत, साधन र तरिका पनि अपनाएका थिए, तर सफलताको अन्तिम सीमासम्म पुग्न सकेनन् । अल्लाह तआलाले यस सम्बन्धमा सूरह आले इम्रानमा कैयौं आयतहरु अवतरित गर्नुभएको छ, जसमा सफलता पाउन नसक्नुको कारण र मुसलमानहरूको लागि उपदेशपूर्ण कुराहरु छन् ।

त्यसतै सिफ्फीनको युद्धमा अलि बिन् अबी तालिब रजियअल्लाहु अन्हुको साथमा जो घटना घट्यो त्यो पनि विचारणीय छ । उहाँ (अली) ले विपक्षी समूहमाथि विजय प्राप्त गर्नको लागि सक्दो कोसिस गर्नुभयो तर उहाँको चाहना पुरा हुन सकेन ।

हुसैन बिन अली रजियअल्लाहु अन्हुमाको घटनाको बारेमा विचार गरौं, (करबलाको मैदानमा) उहाँ र उहाँका आफन्त एवं निकटस्थ व्यक्तिहरु स्वयं आफू र आफ्ना घरपरिवारको बचाउ गर्दै लडे तर न स्वयं आफू बच्न सके न अरुलाई बचाउन सके ।

कहाँ छन्? जसले अल्लाहलाई छोडेर अली र हुसैन रजियअल्लाहु अन्हुमालाई गुहार्छन् । जसले स्वयं आफू र



आफ्नो परिवारलाई बचाउन सकेनन्, अल्लाहद्वारा लेखिएको भाग्यलाई टाल्न सकेनन् त तिमीहरूको समस्या कसरी समाधान गरिदेलान्? उपरोक्त घटना त सबैलाई थाहा भएकै कुरा हो र प्रमाण पनि हो, जसलाई खण्डन गर्न सम्भव नै छैन ।

अली र हुसैन रजियअल्लाहु अन्हुमाले दुख-कष्टको समयमा अल्लाहलाई नै पुकार्थे र उहाँसितै सहायता माग्थे भन्ने कुरामा पनि कुनै सन्देह छैन । त्यसैले उनीहरुसित प्रेम गर्ने, उनीहरुलाई सम्मान र मायाँ गर्नेहरुमाथि पनि अनिवार्य छ कि उनीहरुको अनुसरण गरुन् र त्यही बाटो अपनाउन जसलाई अली र हुसैन रजियअल्लाहु अन्हुमाले अपनाएका थिए ।

आश्चर्य लाग्दो कुरो के छ भने, केही मानिसहरु मक्काको हरम मस्जिदमा काबाको छेउँमा हुँदाहुँदै पनि उठ्दा, बस्दा या कुनै काम गर्दा “या अली”(ए अली) भनेर पुकार्छन् । कुनै विद्वानले उनीहरुको यस्तो पुकार सुनेर सोधेः यदि तपाई कसैको घरमा हुनुहुन्छ र त्यही घरबाटै तपाईंलाई कुनै सामान चाहिएको छ भने त्यही घरको मालिकसित माग्नु हुन्छ या छिमेकीको पासमा गएर माग्नु हुन्छ? उनीहरुले उत्तर दिए कि हामीले त्यही घरमालिकसितै माग्छौं । विचार गर्नुस् तिनले नकार्न सकेनन्, आखिर तिनलाई सच्चाइ स्वीकार गर्नु नै पर्यो । यसै सन्दर्भमा अल्लाह तआलाले भन्नु भएको छ :

﴿ أُولَٰئِكَ الَّذِينَ يَدْعُونَ يَبْتَغُونَ إِلَىٰ رَبِّهِمُ الْوَسِيلَةَ أَيُّهُمْ أَقْرَبُ وَيَرْجُونَ رَحْمَتَهُ وَيَخَافُونَ عَذَابَهُ ۚ إِنَّ عَذَابَ رَبِّكَ كَانَ مَحْذُورًا ﴾ [الإسراء: ٥٧]

अर्थः “जसलाई यिनीहरु पुकार्छन्, उनीहरु स्वयं आफ्नो पालनकर्ताको सामीप्यको खोजीमा रहन्छन् कि उनीहरुमध्ये को अधिक निकट हुनसक्छ। उनीहरु स्वयं उहाँको दयाका आशामा रहन्छन् र उहाँको दण्डसित भयभीत रहन्छन् । निःसन्देह तिम्रो पालनकर्ताको दण्ड डर्नुपर्ने चिज हो। (अल्-इस्रा: ५७)

एउटा अर्को उदाहरण प्रस्तुत गर्दछु, जसबाट उपरोक्त कुराहरुलाई सम्झन अझ सजिलो हुनेछ । अल्लाहले एक जना मानिसलाई अत्याधिक धनवान बनाउनु भएको छ, धनको साथसाथै अल्लाहले उसलाई सन्तान पनि दिनुभएको छ । उसले सधै छोराछोरीलाई भन्ने गर्छः ए मेरा प्यारा बच्चाहरु! जब तिमीहरुलाई खाने पिउने चिज, पैसा, लत्ता कपडा र अन्य चिजहरु आवश्यक पर्छ, त मसँग नै माग्नु जे माग्छौ म तिमीहरुलाई दिनेछु । तर बच्चाहरुले आफ्नो बाबुसँग नमागेर छिमेकीहरुको पासमा गएर माग्छन्। त आफै विचार गर्नुस् तिनीहरुको यस्तो काम विवेकपूर्ण छ या विवेकहीन? यो उदाहरण त सृष्टिका प्राणीहरुको हो । अल्लाह जो सर्वलोकको मालिक, जीवन तथा मृत्युदाता, सबैको अन्नदाता, पूर्ण ज्ञानी, सबैभन्दा निकटस्थ र हरेक चिजले परिपूर्ण हुनुहुन्छ, उहाँलाई छोडेर अन्यसँग माग्नु, पुकार्नु, गुहार्नु कसरी उचित हुन सक्छ र कसरी विवेकपूर्ण मानिन्छ?

त्यसैले भक्तमाथि अनिवार्य छ कि उसले आफ्ना सम्पूर्ण दुख-कष्ट हटाउन र आवश्यकता पूर्तिगर्न सबैका पालनकर्ता, समस्या समाधानकर्ता सहयोगी र दाता अल्लाहको शरणमा जाओस्।

केही मानिसहरु अल्लाह बाहेकलाई पुकार्ने सम्बन्धमा सन्देष्टाहरु (अम्बिया) अलैहिमुस्सलाका चमत्कारहरुको प्रमाण दिन्छन् । जस्तैः मूसा अलैहिस्सलामले ढुङ्गामा हान्नु हुन्थ्यो त त्यसबाट पानीको मूल फुट्थ्यो । त्यस्तै ईसा अलैहिस्सलामले मृतकलाई जिउँदो गराउनु हुन्थ्यो अनि जन्मजात अन्धो र कोरको रोगीलाई निको पार्नुहुन्थ्यो । आदि....

उनीहरुको यस भनाइ (शंका) निम्न कारणले गलत प्रमाणित हुन्छ ।

(क) सन्देष्टाहरु (अम्बिया) अलैहिमुस्सलामका चमत्कारहरु उनको आफ्नो तर्फबाट नभइ अल्लाहको तर्फबाट हुन्थ्यो। जस्तै अल्लाह तआलाले कुर्आनमा भन्नुभएको छ:

﴿وَرَسُولًا إِلَىٰ بَنِي إِسْرَائِيلَ أَنِّي قَدْ جِئْتُكُم بِآيَةٍ مِّن رَّبِّكُمْ ۖ أَنِّي

أَخۡلُقُ لَكُم مِّنَ ٱلطِّينِ كَهَيۡـَٔةِ ٱلطَّيۡرِ فَأَنفُخُ فِيهِ فَيَكُونُ طَيۡرَۢا بِإِذۡنِ ٱللَّهِۖ وَأُبۡرِئُ ٱلۡأَكۡمَهَ وَٱلۡأَبۡرَصَ وَأُحۡيِ ٱلۡمَوۡتَىٰ بِإِذۡنِ ٱللَّهِۖ

[آل عمران: ٤٩]

अर्थः "अनि उनी (ईसा) इस्राईलका सन्तानतिर सन्देष्टा (रसूल) भएर जानेछन् । (भन्नेछन्) म तिमीहरुको पासमा तिम्रो प्रभु (पालनकर्ता) को तर्फबाट निशानी लिएर आएको छु । म तिम्रो लागि माटोको पंक्षीको जस्तो आकार बनाउँछु, अनि त्यसमा फुक्छु, त्यो अल्लाहको आदेशले (साँच्चै) पंक्षी हुनेछ र मैले अल्लाहको आदेशले जन्मैदेखिको अन्धो र कोरको रोगीलाई निको पारिदिन्छु अनि मृतकलाई पनि जीउँदो पारिदिन्छु । (आले इम्रान:४९)

उपरोक्त आयतबाट थाहा भयो कि सन्देष्टाहरुले स्वयं आफ्नो मर्जीले केही गर्दैनथे। त्यसैले भक्तमाथि अनिवार्य छ कि उनै अल्लाहसित मात्रै मागुन् जसले सन्देष्टाहरुलाई चमत्कार दिएका थिए ।

(ख) सन्देष्टाहरुले पनि अल्लाह तआलासित नै माग्थे भन्ने कुरा पनि उपरोक्त आयतबाट प्रमाणित भैसकेको छ । त्यसैले ए मानवहरु! तिमीहरुले पनि सन्देष्टाहरुको अनुसरण गर। किनकि तिनीहरु उत्तम आदर्श र नमूना हुन् ।




(ग) अल्लाह बाहेक अरुसित माग्ने र उनीहरुलाई गुहार्ने काम अवैध भएको कुरा उपरोक्तमा प्रस्तुत गरिएका प्रमाणहरु एकदमै स्पष्ट छन्, यतिमात्र नभइ जुन काममा मानिसलाई स्वयं गर्नसक्ने छुट छ त्यसको बारेमा पनि अल्लाहकै नाम लिएर उहाँको मद्दतको आशा राख्दै सुरु गर्नुपर्ने आदेश छ ।

अबू जाफर मुहम्मद अल्बाकिर रहिमहुल्लाहद्वारा वर्णित छ, उनले भनेका छन्: जस कसैलाई पनि सृष्टिका कुनै प्राणीको सहायतको जरुरत पर्छ, उसले अल्लाह तआलाकै नामबाट सुरु गरोस् । (किताबुल् मुस्तगीसीन बिल्लाह लि इब्ने बश्कवाल पेजः६८)

8

# आठौं प्रमाण

जहाँ अल्लाहले आफ्ना भक्तहरुलाई उहाँलाई मात्र पुकार्ने आदेश दिंदै उहाँ बाहेक अन्य कसैलाई पुकार्न मनाही गर्नुभएको छ, त्यहीं चाहनु पनि हुन्छ कि भक्तहरुले उहाँलाई मात्र गुहारुन्, उहाँसितै सहायता मागुन् र सबै किसिमका काम तथा मामिलाहरुमा उहाँकै शरणमा आउन् अनि उहाँकै सहारा लेउन्। किनकि दुआ (पुकार/गुहार) अल्लाहको मनपर्दो उपासना हो । त्यसैले जुन व्यक्तिले आफ्नो पालनकर्तालाई पुकार्छ, उसले पालनकर्ताको नजिक गरिदिने मनपर्दो काम गर्छ। यसको प्रमाण यस महत्वपूर्ण कुदुसी हदीसबाट मिल्छ। अल्लाहको रसूल ﷺ ले भन्नुभएको छः

«يَنْزِلُ رَبُّنَا تَبَارَكَ وَتَعَالَى كُلَّ لَيْلَةٍ إِلَى السَّمَاءِ الدُّنْيَا حِينَ يَبْقَى ثُلُثُ اللَّيْلِ الآخِرُ يَقُولُ: مَنْ يَدْعُونِي، فَأَسْتَجِيبَ لَهُ مَنْ يَسْأَلُنِي فَأُعْطِيَهُ، مَنْ يَسْتَغْفِرُنِي فَأَغْفِرَ لَهُ». [البخاري: ١١٥٢، ومسلم: ٧٥٩]

अर्थः"हाम्रो पवित्र र सर्वोच्च पालनकर्ता प्रत्येक रात जब रातको तेस्रो पहर बाँकी रहन्छ, त्यतिबेला संसारिक (पहिलो) आकाशमा आउनुहुन्छ र भन्नुहुन्छः कोही छ मलाई पुकार्ने?

ताकि मैले उसको पुकार स्वीकार गरुँ । कोही छ मसित माग्ने? ताकि म उसको झोली भरिदेउँ। कोही छ मसित माफी माग्नेवाला ताकि मैले उसलाई माफ गरिदेउँ।" (बुखारीः ११५२, मुस्लिम:७५९)

अल्लाह तआलाको यस कृपामाथि मनन गर्नुस् त, उहाँले प्रत्येक रात आफ्नो भक्तहरूलाई बोलाउनु हुन्छ, उहाँले चाहनुहुन्छ कि उनीहरूले मागुन् र मैले उनीहरूलाई दिउँ । जबकि उहाँलाई उनीहरुबाट कुनै चिजको अपेक्षा छैन, उहाँ त निरपेक्ष हुनुहुन्छ ।

त्यसैले भक्तलाई चाहियो कि यस अवसरलाई अल्लाहको महान कृपा सम्झी उहाँसितै प्रार्थना गरोस् र उहाँसितै मागोस्। परिणाम स्वरुप उसले मनमा शान्ति, स्वच्छ भावना अनि ईमानमा बढोत्तरी महसुस गर्नेछ। अल्लाह तआलाले यसै सन्दर्भमा भन्नु भएको छ :

﴿وَسۡـَٔلُواْ ٱللَّهَ مِن فَضۡلِهِۦٓۚ إِنَّ ٱللَّهَ كَانَ بِكُلِّ شَيۡءٍ عَلِيمٗا﴾ [النساء: ٣٢]

अर्थः "....अनि अल्लाहसित उहाँको कृपा माग्दै गर, निः सन्देह अल्लाह प्रत्येक कुराको जानकार हुनुहुन्छ ।" (अन्-निसाः ३२)

यसै सन्दर्भमा अबू जर गिफारी रजियअल्लाहु अन्हुले रसूल ﷺ द्वारा वर्णित अल्लाहको भनाइ (हदीस कुदसी) बयान गरेका छन्, अल्लाह तआलाले भन्नु भएको छः



«يا عبادي إني حرمت الظلم على نفسي وجعلته بينكم محرما فلا تظالموا يا عبادي كلكم ضال إلا من هديته فاستهدوني أهدكم يا عبادي كلكم جائع، إلا من أطعمته فاستطعموني أطعمكم يا عبادي كلكم عارًا إلا من كسوته فاستكسوني أكسكم».

अर्थ: "ए मेरा भक्तहरु ! मैले स्वयं आफूमाथि अत्याचारलाई अवैध गरेको छु र मैले त्यसलाई तिमीहरुमाथि पनि अवैध गरिदिएको छु । तसर्थ तिमीहरुले एक अर्कामाथि अत्याचार नगर । ए मेरा भक्तहरु ! जसलाई मैले पथप्रदर्शन गर्छु, त्यस बाहेक तिमीहरु सबै पथभ्रष्ट छौ । त्यसैले तिमीहरु मसित पथप्रदर्शनको माग गर, मैले तिमीहरुलाई पथप्रदर्शित गर्ने छु । ए मेरा भक्तहरु ! जसलाई मैले खुवाउँछु त्यस बाहेक तिमीहरु सबै भोका छौ । तसर्थ तिमीहरु मसितै खाना माग, मैले तिमीहरुलाई खुवाउने छु। ए मेरा भक्तहरु ! जसलाई मैले पोशाक दिन्छु, त्यस बाहेक तिमीहरु सबै नाङ्गा छौ । तसर्थ तिमीहरु मसितै पोशाक माग, मैले तिमीहरुलाई पोशाक प्रदान गर्ने छु .. । (मुस्लिमः २६६०)

सईद बिन अब्दुल अजीज (रहिमहुल्लाह) ले भनेका छन्: अबू इदरीस खौलानी जब उपरोक्त हदीस बयान गर्थे त आफ्ना घुँडा टेकेर बस्थे ।

अबू हुरैरा रजियअल्लाहु अन्हुले अल्लाहको रसूल ﷺ को भनाइलाई उद्घृत गर्दै भन्नु भएको छः

«إنه من لم يسأل الله يغضب عليه». (الترمذي:٣٦٥٧ ، وابن ماجه:٣٨٥٣)

अर्थः “जसले अल्लाह तआलासित माग्दैन, अल्लाह उसित रिसाउनु हुन्छ ।” (तिर्मिजीः ३६५७, इब्ने माजाः ३८५३)

केही धर्मविदहरुले यस हदीसलाई सही भनेका छन्, तर यो हदीस वास्तवमा हसन मानिएको छ । कुर्आन र हदीसका केही प्रमाणहरु यसको अर्थलाई प्रमाणित गर्छन् । अनि जुन व्यक्तिले आफ्ना खास काम र आवश्यकतामा पनि अल्लाहसित कहिल्यै माग्दैन, निःसन्देह त्यो व्यक्तिसित अल्लाह तआला रिसाउनु हुन्छ । किनकि उसले अल्लाह तआलालाई आफ्नो पालनकर्ता र पूज्य सम्झेन ।

हदीसविद अल्लामा अल्बानीले यस हदीसलाई हसन भन्नु भएको छ । (अनुवादक)

दुआ अथवा पुकारका केही कुराहरू अल्लाहसित मात्रै माग्नु उचित (अनिवार्य) छन् । जस्तैः अल्लाह तआलासित मार्गदर्शनको माग गर्नु । किनकि अल्लाह तआलाले यस सम्बन्धमा आदेश पनि दिनु भएको छ, भक्तले भनोस्ः

﴿ ٱهۡدِنَا ٱلصِّرَٰطَ ٱلۡمُسۡتَقِيمَ ﴾ [الفاتحة:٦]

अर्थः “(ए अल्लाह) हामीलाई सीधा (सत्य) मार्ग देखाउनुस् ।” (अल्फातिहाः ६)

त्यसैगरी अल्लाह तआलासित क्षमायाचनाको लागि दुई




सज्दाको बीचमा दुआ गर्नु । केही शायरहरुले यस सम्बन्धमा आफ्नो शायरीमा यस्तो पनि भन्ने गर्छन्ः

«الله يغضب اذا تركت سؤاله .... وبني ادم اذا سألته يغضب». (الغزالة للخطابي: (٥٨) وهي للخزيمي)

अर्थः “अल्लाह तआला रिसाउनु हुन्छ, जब उहाँसित माग्न छोडिन्छ, तर आदमको सन्तान (मानिस) रिसाउँछ, जब ऊ सित मागिन्छ ।”

9

# नवौं प्रमाण

जुन कामहरु गर्न अल्लाह बाहेक अन्य कोही पनि सक्षम छैन भन्ने कुरा कुर्आन र हदीसले प्रमाणित गर्दछन्, ती कामहरु अल्लाह तआला बाहेक अन्य कसैले गर्न सक्छन् भन्नु या उनीहरुसित माग्नु पनि अवैध (हराम) छ। त्यस कुरालाई मानव प्रवृतिले पनि मान्छ र प्रमाणित गर्दछ। किनकि अल्लाह तआलाले मानवलाई यस्तो प्रवृतिमा सृष्टि गर्नु भएको छ कि उसले दुख, सङ्कट र आपत्तिको समयमा अल्लाहतर्फ नै प्रवृत होस् र उहाँसितै मागोस्। यस काममा मुस्लिम गैरमुस्लिम भन्ने कुनै भेदभाव छैन, दुबै बराबर छन्। जस्तै कि अल्लाह तआलाले बहुदेववादीहरुको बारेमा भन्नु भएको छ:

﴿هُوَ ٱلَّذِى يُسَيِّرُكُمْ فِى ٱلْبَرِّ وَٱلْبَحْرِ ۖ حَتَّىٰٓ إِذَا كُنتُمْ فِى ٱلْفُلْكِ وَجَرَيْنَ بِهِم بِرِيحٍ طَيِّبَةٍ وَفَرِحُوا۟ بِهَا جَآءَتْهَا رِيحٌ عَاصِفٌ وَجَآءَهُمُ ٱلْمَوْجُ مِن كُلِّ مَكَانٍ وَظَنُّوٓا۟ أَنَّهُمْ أُحِيطَ بِهِمْ ۙ دَعَوُا۟ ٱللَّهَ مُخْلِصِينَ لَهُ ٱلدِّينَ لَئِنْ أَنجَيْتَنَا مِنْ هَٰذِهِۦ لَنَكُونَنَّ مِنَ ٱلشَّٰكِرِينَ﴾ [يونس: ٢٢]

अर्थः "उहाँ (अल्लाह) ले नै तिमीलाई जंगल र समुन्द्रमा हिंडन योग्य बनाउनु भएको छ। यहाँसम्म कि जब तिमीहरु

डुङ्गाहरूमा (सवार) हुन्छौ र ती डुङ्गाहरूले त्यसमा यात्रा गर्नेहरुलाई लिएर अनुकूल हावाको मद्दतले हिंडन थाल्दछन् र तिनीहरु त्यसबाट निकै आनन्दित हुन्छन् । अनि एउटा तुफनी हावा चल्न थाल्छ र चारैतिरबाट तरङ्गहरू (छालहरु) उठ्न थाल्छन् र तिनीहरुलाई लाग्न थाल्छ कि अब त तरङ्गहरूबाट नराम्रोसँग घेरिईसकेका छौं, त्यतिखेर अल्लाहलाई नै शुद्ध मनले पुकार्दछन् । (भन्छन्) यदि हामीलाई यसबाट मुक्त गराउनु हुन्छ भने हामी धेरै आभारी हुने छौं । (सूरह यूनुसः २२)

अर्को ठाउँमा तिनै बहुदेववादीहरुको बारेमा भन्नु भएको छ :

﴿وَإِذَا مَسَّكُمُ ٱلضُّرُّ فِي ٱلْبَحْرِ ضَلَّ مَن تَدْعُونَ إِلَّآ إِيَّاهُ فَلَمَّا نَجَّىٰكُمْ إِلَى ٱلْبَرِّ أَعْرَضْتُمْ وَكَانَ ٱلْإِنسَٰنُ كَفُورًا﴾ [الإسراء: ٦٧]

अर्थः “अनि जब तिमीलाई समुन्द्रमा बिपत्ति आईलाग्छ तब अल्लाह बाहेक, जसलाई तिमीले पुकार्ने गर्दथ्यौ ती सबै हराइहाल्छन् । अनि जब उहाँले तिमीलाई बचाएर सुरक्षित स्थलतिर ल्यानु हुन्छ त तिमीहरु बिमुख भैहाल्छौ । मानिस अत्यन्तै कृतघ्न छ ।” (अल्-इस्राः ६७)

यहाँसम्म कि जनावरहरु पनि आफ्नो मालिकतिर प्रवृत हुने स्वभावका साथ सृष्टि गरिएका छन्, अथवा मालिकको कृतज्ञ बन्छन् भने मानिस त बुद्धिजीवि प्राणी हो । किन कृतज्ञ




बन्दैन त? अल्लाह तआलाले सुलेमान अलैहिस्सलामको चरा हुदहुदको बारेमा भन्नु भएको छः

﴿فَمَكَثَ غَيْرَ بَعِيدٍ فَقَالَ أَحَطتُ بِمَا لَمْ تُحِطْ بِهِۦ وَجِئْتُكَ مِن سَبَإٍ بِنَبَإٍ يَقِينٍ ﴿٢٢﴾ إِنِّي وَجَدتُّ ٱمْرَأَةً تَمْلِكُهُمْ وَأُوتِيَتْ مِن كُلِّ شَيْءٍ وَلَهَا عَرْشٌ عَظِيمٌ ﴿٢٣﴾ وَجَدتُّهَا وَقَوْمَهَا يَسْجُدُونَ لِلشَّمْسِ مِن دُونِ ٱللَّهِ وَزَيَّنَ لَهُمُ ٱلشَّيْطَٰنُ أَعْمَٰلَهُمْ فَصَدَّهُمْ عَنِ ٱلسَّبِيلِ فَهُمْ لَا يَهْتَدُونَ﴾ [النمل: ٢٢-٢٤]

अर्थः “केही समय मात्र बितेको थियो, “हुदहुद”आइपुग्यो र भन्न थाल्योः मलाई यस्तो कुरा थाहा भएको छ जो तपाईंलाई थाहा छैन । म “सबा”(शहरको नाम) बाट तपाईंको पासमा एउटा विश्वसनीय सूचना लिएर आएको छु । मैले एउटी यस्ती स्त्रीलाई देखे जो मानिसहरुमाथि शासन गर्छे र उसलाई हरेक किसिमका चिजहरुबाट केही न केही प्रदान गरिएको छ, अनि उसको सिंहासन पनि अति गरिमामय छ । मैले देखे उसले र उसका प्रजाहरुले अल्लाहलाई छाडि सूर्यलाई सज्दा (दण्डवत) गर्दछन्। अनि शैतानले उनीहरुको कर्मलाई उनीहरुको निम्ति राम्रो देखाएर उनीहरुलाई सत्य मार्गबाट विचलित गराइरहेको छ । त्यसैले उनीहरुले सत्यमार्ग पाउन सकेका छैनन् ।” (सूरह अन्नमलः २२-२४)

विचार गरौं त कति चाखलाग्दो र आश्चर्यजनक कुरा छः एउटा चराले पनि अल्लाह बाहेक अन्यप्रति समर्पित भई

त्यतै लाग्नेहरुको कर्मलाई कसरी इन्कार र खण्डन गरेको छ। यसको कारण यही हो कि अल्लाह तआलाले प्रत्येक प्राणी चाहे ती जिन्नात होउन् या मानव, चरचुरुङ्गी होउन् या जन्तु जनावरहरु, बोल्नेवाला होउन् या न बोल्ने सबैलाई इस्लामको प्रवृति (प्रकृति) मा सृष्टि गर्नु भएको छ ।



10

# दशौं प्रमाण

जसरी धार्मिक विधान (शरीअत) र प्रकृति (फितरत) ले एक अल्लाह मात्र पूजा उपासनाको लाएक भएको कुरा प्रमाणित गर्दछन् । जो पहिले वर्णन भैसकेको छ । त्यसैगरी मानिसले आफ्नो विवेकले पनि जान्दछ र मान्दछ कि अल्लाह बाहेक जसको पनि पूजा उपासना भैरहेको छ, ती सबै अल्लाहद्वारा सृष्टि गरिएका प्राणी हुन् । त फेरी सर्वशक्तिमान अल्लाहलाई छोडेर उनीहरुसित मद्दत माग्नु, कठिनाईको समयमा गुहार्नु, रोग व्याधिमा उनीहरुसित सु-स्वास्थ्यको लागि दुआ गर्नु, रोजी माग्नु कसरी जायज हुन सक्छ? जबकि उनीहरू पनि त्यसतै सृष्टि नै हुन् । यसै सन्दर्भमा अल्लाह तआलाले आफ्नो अन्तिम सन्देष्टा मुहम्मद ﷺ लाई स्वयं तिम्रो बारेमा बताऊ भनेर आदेश दिनु भएको छ :

﴿قُلْ إِنَّمَآ أَنَا۠ بَشَرٌ مِّثْلُكُمْ يُوحَىٰٓ إِلَىَّ أَنَّمَآ إِلَٰهُكُمْ إِلَٰهٌ وَٰحِدٌ ۖ فَمَن كَانَ يَرْجُوا۟ لِقَآءَ رَبِّهِۦ فَلْيَعْمَلْ عَمَلًا صَٰلِحًا وَلَا يُشْرِكْ بِعِبَادَةِ رَبِّهِۦٓ أَحَدًۢا﴾ [الكهف: ١١٠]

अर्थः भनिदेऊ, म त तिमीहरु जस्तै एउटा मानिस हुँ तर (फरक यति छ) कि मतिर वही (अल्लाहको सन्देश) अवतरित

गरिन्छ । सबैको पूजाको योग्य उहाँ एक्लो पूज्य हुनुहुन्छ । अनि जुन मानिसले आफ्नो पूज्यसित साक्षात्कार भेटगर्ने आशा राख्छ, उसले असल कर्म गरोस् र आफ्नो पालनकर्ताको उपासनामा अरु कसैलाई साझेदार नबनाओस् ।" (सूरह कहफः ११०)

अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भएको छ :

﴿قَالَتْ لَهُمْ رُسُلُهُمْ إِن نَّحْنُ إِلَّا بَشَرٌ مِّثْلُكُمْ وَلَٰكِنَّ ٱللَّهَ يَمُنُّ عَلَىٰ مَن يَشَآءُ مِنْ عِبَادِهِۦ ۖ وَمَا كَانَ لَنَآ أَن نَّأْتِيَكُم بِسُلْطَٰنٍ إِلَّا بِإِذْنِ ٱللَّهِ ۚ وَعَلَى ٱللَّهِ فَلْيَتَوَكَّلِ ٱلْمُؤْمِنُونَ﴾ [إبراهيم: ١١]

अर्थः "उनका सन्देष्टाहरुले उनीहरुसँग भनेः यो त सत्य हो कि हामी तिमीहरु जस्तै मानिस हौं, परन्तु अल्लाहले आफ्ना सेवकहरुमध्ये जसमाथि चाहन्छन् आफ्नो पुरस्कार (कृपा) प्रदान गर्छन् र अल्लाहको आज्ञा बिना हाम्रो शक्ति छैन कि हामीले तिमीहरुलाई कुनै चमत्कार देखाऔं । अनि आस्थावानहरुले अल्लाहमाथि मात्र भरोसा गर्नु पर्दछ ।" (इब्राहीमः ११)

अनि अर्को ठाउँमा भन्नु भएको छ :

﴿إِنَّ ٱلَّذِينَ تَدْعُونَ مِن دُونِ ٱللَّهِ عِبَادٌ أَمْثَالُكُمْ ۖ فَٱدْعُوهُمْ فَلْيَسْتَجِيبُوا۟ لَكُمْ إِن كُنتُمْ صَٰدِقِينَ﴾[الأعراف: ١٩٤]

अर्थः "वास्तवमा तिमीले अल्लाहलाई छाडि जसलाई पुकार्दछौ, तिनीहरु तिमी जस्तै बन्दा (उपासक) हुन् । तसर्थ तिमी




साँचो हौ भने तिमीले तिनीहरुलाई पुकार, ताकि तिनीहरुले तिमीले मागेको चिज पुरा गरि देऊन् । (अल्-आराफः १९४)

मानिसले जुन कामहरु स्वयं गर्नमा सामर्थ्यवान छ, ती कामहरु गर्नलाग्दा पनि सृष्टिका प्राणीलाई छोडेर सृष्टिकर्तासँग नै माग्नु पर्दछ र उहाँको आज्ञा अनि सहयोगले नै ती कामहरु गर्न सकिन्छ भन्ने आस्था हुनुपर्दछ । तर दुखलाग्दो कुरा के छ भने केही मानिसहरु जब बीरामी हुन्छन् त झारफूक गर्नेहरुको पासमा जान्छन् । बरु उचित त यो थियो कि अल्लाहमाथि भरोसा गरेर स्वयं सुरुमा आफैले आफूमाथि दम (फुक्ने) गर्नुपर्थ्यो । किनकि अल्लाह तआलाको कृपाले हरेक मुस्लिम सूरह फातिहा, सूरह फलक, सूरह नास, आयतुल कुर्सी र अरु पनि सूरहहरु तथा आयतहरु पढेर आफैले आफूमाथि दम गर्न (फुक्न) सक्षम छन् ।

जब मानिसले स्वयं आफैले आफूमाथि कुर्आनका सूरह तथा आयतहरु पढेर फुक्छ र तन मनले अल्लाहको सहायता अनि कृपाको आशा राख्दै प्रयत्नशील रहन्छ त ऊ अल्लाहको निकटतम भक्त बन्दै जान्छ र उसमाथि अल्लाहको कृपा अवश्य हुन्छ अनि उसका दुआहरु पनि स्वीकार हुन्छन् । यस्ता कैयौं मानिसहरु छन् जसले स्वयं आफूमाथि दम गरे अनि अल्लाह तआलाले उनीहरुलाई स्वास्थ्य लाभ प्रदान गर्नुभयो ।

उपरोक्त भनाइको तात्पर्य यो होइन कि मानिसले अल्लाहमाथि मात्र भरोसा गरेर बसिरहोस्। अल्लाहमाथि भरोसा गरेर दुआ गरोस् अनि औषधी उपचार पनि गरोस् । स्वास्थ्य लाभ अल्लाहले नै दिनु हुन्छ तर औषधीलाई माध्यम बनाउनु हुन्छ । (अनुवादक)

यो पनि वास्तविक कुरा हो कि कुनै जागीर (नोकरी) खोज्नेहरूले पहिले माध्यम खोज्छन् अनि यता उताका कुराहरू गर्छन् तर आवश्यकता पुरा होस् र काममा सरलता होस् भनेर आफ्नो पालनकर्ता (अल्लाह) सँग सहायता र दुआ पनि माग्दैनन् ।

यहाँ एउटा वास्तविक घटना बयान गर्दैछु, जसलाई मैले रेडियोबाट प्रसारण हुने कार्यक्रम रेडियो कुर्आनमा सुनेको थिए । एक जना मानिस काम (जागीर) को खोज्दै जागीर दिनेहरूको पासमा गए र उनीहरूसित जागीर (काम) को लागि सोधे तर उनीहरूले उनको कुरातिर ध्यानै दिएनन् अनि उनी निराश भएर फर्किए । जागीर नभएको कारणले ती व्यक्तिको अर्थिक स्थिती दिन प्रतिदिन कमजोर हुँदै गयो। अन्ततः जागीरको लागि सिफारिश गराउने चाहनाले एक आलिम (विद्वान) को पासमा गए । विद्वानले ती व्यक्तिको हालत देखेर अल्लाह तआलातिर प्रवृत्त हुने र उहाँप्रति विश्वास गर्दै सहायता माग्न उपदेश दिए। विद्वानको उपदेश र



मार्गदर्शनमा अमल गर्दै ती व्यक्ति फज्रको नमाजभन्दा पहिले उठे र नमाज अदा गरे अनि अल्लाह तआलासँग अत्याधिक दुआ गरे । त्यसपछि फेरी उनी तिनै जागीर दिनेहरूको पासमा गए, उनलाई देख्ने बित्तिकै उनीहरूले स्वागत गरे र उनले माग गरेको जागीर दिए । आश्चर्यजनक कुरा त यो भयो कि जुन जिम्मेदारको पासमा कामको लागि पहिले गएका थिए, जसले आफ्नो नजर उठाएर पनि ती व्यक्तिलाई हेरेका थिएनन्, उनैले भने कि तपाईं कहाँ हुनुहुन्थ्यो? हामीले त तपाईंको प्रतिक्षा गरिरहेका थियौं ।

आजकल त यस्ता पनि मानिसहरु भेटिन्छन्, जसले अरुसित भन्छन् कि मेरो लागि पनि दुआ गरिदिनु तर स्वयं आफ्नो लागि दुआ गर्दैनन् । जबकि अल्लाह तआलाले कुर्आनमा भन्नु भएको छ:

﴿وَقَالَ رَبُّكُمُ ٱدۡعُونِيٓ أَسۡتَجِبۡ لَكُمۡۚ﴾ [غافر: ٦٠]

अर्थः "अनि तिम्रो पालनकर्ताको आदेश छ कि, तिमी मसित प्रार्थना गर म तिम्रो प्रार्थना स्वीकार गर्नेछु ।" (गाफिरः ६०)

यसै विषयमा अर्को ठाउँमा भन्नु भएको छ :

﴿وَإِذَا سَأَلَكَ عِبَادِي عَنِّي فَإِنِّي قَرِيبٌۖ أُجِيبُ دَعۡوَةَ ٱلدَّاعِ إِذَا دَعَانِۖ فَلۡيَسۡتَجِيبُواْ لِي وَلۡيُؤۡمِنُواْ بِي لَعَلَّهُمۡ يَرۡشُدُونَ﴾ [البقرة: ١٨٦]

अर्थः "(ए सन्देष्टा !) जब तिमीसित मेरा भक्तहरुले मेरो

बारेमा सोध्छन् त (भनिदेऊ) म (अल्लाह) तिम्रो अत्यन्तै नजिक छु । मलाई पुकार्ने व्यक्तिले जहिले पनि पुकार्छ, म स्वीकार गर्दछु । तसर्थ तिनीहरुलाई पनि आवश्यक छ कि मेरा आदेशहरुलाई मानुन् र म माथि आस्था राखून् ताकि सत्य बाटो पाउन सकुन् । (अल्-बकरहः १८६)

अबुल अब्बास अहमद बिन अब्दुल हलीम रहिमहुल्लाहले भनेका छन्ः सांसारिक आवश्यकताहरु तथा कामहरु जसलाई गर्नु जरुरी छैन, तिनको सम्बन्धमा कुनै प्राणीसित सोध्नु अथवा माग्नु न त वाजिब (अनिवार्य) छ, न मुस्तहब (ऐच्छिक) नै । बरु सबै चिजको बारेमा अल्लाह तआलासँग नै माग्ने, उहाँसँगै प्रश्न गर्ने र उहाँमाथि भरोसा गर्ने आदेश छ ।

बिना कुनै आवश्यकता कुनै प्राणीसित माग्नु अथवा उसित प्रश्न गर्नु उचित छैन । बरु आवश्यकताको समयमा पनि अल्लाह बाहेक अन्यलाई छोडि अल्लाहमाथि नै भरोसा गर्नु उत्तम हो। अल्लाह तआलाले भन्नु भएको छः

﴿فَإِذَا فَرَغۡتَ فَٱنصَبۡ ٧ وَإِلَىٰ رَبِّكَ فَٱرۡغَب﴾ [الشرح: ٧-٨]

अर्थः जब तिमीलाई फुर्सद हुन्छ, तब इबादतमा मिहिनेत गर र आफ्नो पालनकर्तातिरै प्रवृत होऊ।" (अश्शरहः ७-८)

(भनाइको तात्पर्य अल्लाहतिरै प्रवृत्त होऊ अन्यतिर नहोऊ ।)



अन्त्यमा फेरी अल्लाहसित अन्तिम सन्देष्टा मुहम्मद ﷺ माथि असीम दया, कृपा र शान्तिको लागि प्रार्थना गर्दछु, साथै उहाँका परिवार, साथीहरू अनि अनुयायीहरूको लागि पनि ।

IslamHouse.com

IslamHouseNe UChEVLoMT_GLm3beiq_qGTHA/ islamhouse.com/ne/

नेपाली-Nepali--1477142409250575نيبالي/

For more details visit
www.GuideToIslam.com

GUIDE TO ISLAM

contact us :Books@guidetoislam.com

Guidetolslam.org Guidetoislam1 Guidetoislam www.Guidetoislam.com

المكتب التعاوني للدعوة وتوعية الجاليات بالربوة


هاتف: ٩٦٦١١٤٤٥٤٩٠٠+ فاكس: ٩٦٦١١٤٩٧٠١٢٦+ ص ب: ٢٩٤٦٥ الرياض: ١١٤٥٧

ISLAMIC PROPAGATION OFFICE IN RABWAH

P.O.BOX 29465 RIYADH 11457 TEL: +966 11 4454900 FAX: +966 11 4970126

# एकमात्र प्रभु अल्लाहको आश्रय लिनु आवश्यक छ

एकमात्र प्रभु अल्लाहको आश्रय लिनु आवश्यक छ (البرهان في وجوب اللجوء إلى الواحد الديان) नामको यो किताब शेख अब्दुल्लाह बिन् अब्दुर्रहमान अस्सअद द्वारा लेखिएको किताब हो। जसमा समाजमा पाइने गलत आस्थाहरूको स्पष्टिकरण गरिएको छ । ती हुनः- आफ्नो आवश्यकता पूर्ति गर्नको लागि अल्लाह बाहेक अरूलाई पुकार्नु, कठिनाइको समयमा मद्दत माग्नु, बिरामी परेको समयमा स्वास्थ्यलाभ र सन्तान दिने आदि..। यस्ता कामहरूमा अल्लाह बाहेक अरूले अलिकति पनि क्षमता राख्दैनन् । यस किताबको महत्वपूर्ण विशेषता यो छ कि, उपरोक्त कामहरू अल्लाह बाहेक अन्यको लागि खास गर्नु अल्लाहको धर्म (इस्लाम) मा अवैध र अज्ञानता एवं मुर्खताका काम हुन् अनि अल्लाह तआलाको साथमा स्पष्ट शिर्क हो । लेखक महोदयले यस्ता कामहरू अवैध र अमान्य भएको कुरा कुरआन र सही हदीसको उज्यालोमा स्पष्ट प्रमाण प्रस्तुत गर्दै दश किसिमले बयान गर्नु भएको छ ।




IslamHouse.com
Osoul Center
www.osoulcenter.com